परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ९ ❑ अंक ४६ २०७८ आषाढ १३ गते आईतवार Sunday 27, JUN 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## 'जीवन बचाऔं' अभियानद्धारा खाद्यान वितरण

बिराटनगर । 'जीवन बचाऔं' अभियानले विराटनगर महानगर पालिका वडा नं. १९ र कटहरी गाउँपालिका वडा नं. २ सिंघिया खोला किनारमा बसोवास गरेको विपन्न परिवारहरुलाई राहत स्वरुप खाद्ययान्न सामग्री वितरण गरेको छ ।



कोरोना महामारीको वेला नेपाल सरकारले लगाएको निषेधाज्ञाको कारण मजदुरी गर्न समेत नपाएको विपन्न परिवारलाई खाद्ययान सामग्री उपलब्ध गराउने उदेश्यका साथ भिलेज नेपाल र हातीबन्धा युवा क्लबले संयुक्त रुपमा संचालन गरेको 'जीवन बचाऔं' अभियानमा प्राप्त भएको सहयोग विपन्न परिवारलाई वितरण गरेको हो ।

निशेधाज्ञाबाट प्रभावित भएका अति-विपन्न ३५ घर परिवारलाई १० दिन सम्म पुगने गरी राहत स्वरुप खाद्यान्न, मास्क, चाउचाउ र सेनिटाईजर वितरण गरेको छ ।

कोरोना भाईरस (केभिड-१९) को दोस्रो कहरको बेला समाजका सहयोगकारी हातवाट प्राप्त सहयोग र संस्थाका सदस्यहरुबाट संक्लन गरिएको रकमले राहत सहयोग गरेको समाजका अध्यक्ष श्यामसुन्दर सुतिहारले वताए । उहाँका अनुसार मृतक परिवार लगायत अति-विपन्न र अपाङता भएका व्याक्तिहरुलाई पहिलो प्राथमिकतामा राखेर रहत सहयोग गरेको वताए ।

खाद्यान्नहरुमा दाल, चामल, नुन, खाने तेल, तथा स्वास्थ्य सामग्रीमा माक्स र सेनिटाईजर विपन्न परिवारलाई निरन्तर वितरण गर्दै आएका भिलेज नेपालको जहदा गाउँपालिका शाखा अध्यक्ष एवंम 'जीवन बचाऔं' अभियानका अभियन्ता विष्णु राजवंशीले वताए ।

## सुनवर्सीबाट लागुऔषध ब्राउनसुगर सहित पाँच जना पक्राउ

बिराटनगर । मोरंग जिल्लाको सुनवर्सी नगरपालिका वडा नं. ८ विश्वकर्मा चौकबाट लागु औषध ब्राउनसुगर सहित ५ जनालाई प्रहरील पक्राउ गरेका छन् ।

घटनाको विवरण अनुसार मोरङ सुनवर्सी नगरपालिका ८ विश्वकर्मा चौक स्थितमा लागूऔषध ब्राउन सुगर सहित ३ जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा सुनसरी ईटहरी उपमहानगर पालिका वडा नं. ७ का ३५ बर्षीय सुजन भन्ने ललित चौधरी, मोरङ कानेपोखरी गाउँपालिका वडा नं. ७ का २० बर्षीय महेश चौधरी र १९ बर्षीय भत्तेल भन्ने समिर चौधरी रहेका छन् ।

सोमबार प्रहरी चौकी झपडतलबाट खटिएको प्रहरी टोलीले दक्षिणबाट आउदै गरेको तिन जना सवार रहेको प्र.न.१-०२-०४५ प ३९७३ नम्बरको मोटरसाईकल रोकी चेकजाँच गर्दा उनीहरुको साथबाट १४ ग्राम लागूऔषध ब्राउन सुगर फेला पारी मोटरसाईकल सहित पक्राउ गरिएको हो ।

त्यसै गरी सोही स्थान सुनवर्सी नगरपालिका ८ विश्वकर्मा चौक स्थितमा सोमवार नै प्रहरी चौकी

वांकी अन्तिम पेजमा...

## दिनदहाडै मोटर साईकाल चोरी

बिराटनगर । कोरोना कहरको बीच निषेधाज्ञा जारी रहेकै बेला दिनदहाडै मोटर साईकल चोरी भएको छ ।

बिराटनगर महानगर पालिका वडा नं. ११ पिचरा (अल्का) मार्गमा को ३१ प ८१०७ नं. को होण्डा साईन मोटर साईकाल विहान करीब १ बजेर १० मिनेटमा चोरी भएको छ ।

आशीष निर्माण सेवा प्रा.लि.को नाम दर्ता रहेको मोटर साईकल राहुल कुमार शर्माले चलाउँदै आएका थिए । मोटर साईकल चारी हुन वितिकै प्रहरीलाई जानकारी गराई जिल्ला प्रहरी कार्यालय मोरंगमा र ट्राफिक प्रहरी कार्यालयमा मोटर साईकल खोजी गरी दिन निवेदन समेत दर्ता गरी सकेको छ ।

उक्त चोरी भएको मोटर साईकल खोजी कार्य जारी रहेको भन्दै निषेधाज्ञाको समयमा चोरीका घटनामा बृद्धि भएको स्वीकार गर्दै जिल्ला प्रहरी कार्यालय मोरंगका डिएसपी मान बहादुर राईले भने चोरीमा संलग्नलाई पक्राउ गरी करवाही समेत गर्दै आएको वताए ।

## राजबंशी समाज उत्थान समितिद्वारा गाउँ एकाई समिति गठन

राजेश कुमार राजवंशी

बिराटनगर । जहदा गाउँपालिका बडा न २ हरिनगरामा राजवंशी समाज उत्थान समितिले गाउँ एकाइ समिति गठन गरेको छ ।

गाउँ एकाइ कार्यक्रमको प्रमुख अथिती राजवंशी समाज उत्थान समिति अध्यक्ष भुवनेस्वर मण्डल राजवंशीको आतिथ्यमा एकाइ समिति गठन गरेको हो ।

प्रमुख अथिती बोल्दै महा भारतकाल मत्सय देशका विराट राजासग जोडिएका विराट राजवंशी पुर्वी नेपालको आदिवासी एवं भुमि पुत्र भएको वताए ।

२०५४ साल देखि अनवरत रूपमा आफ्नो हक अधिकार, अस्तित्व, पहिचान प्राप्तिको लागि संघर्शरत रहेको वहांको भनाई छ ।

जबसम्म विराट राजवंशी आदिवासी जनजाति प्रतिष्ठानमा छुटै सुचिकृत हुदैन, तबसम्म हाम्रो लडाइँ जारीनै रहने भन्दै विशिस्ट अथिती राजवंशी समाज उत्थान समिति केन्द्रिय सहसचिव काशिनाथ राजवंशीले वताए ।

२०७८ सालमा हुने जनगणना मा घर परिवार सूचीकरण गर्न र जनगणना गर्न हाम्रो घर दैलोमा गणकहरु आउदै छन । सो जनगणनामा जातजाति पुर्खाको भाषा र मातृ भाषाको महलमा विराट राजवंशी लेखाउन आग्रह गरको छ ।

राजवंशी समाज उत्थान

वांकी अन्तिम पेजमा...

## प्रहरीले मुद्दा दर्ता नगरी मिलाउन खोजेको आरोप

बिराटनगर । जानमार्ने उद्योगको मुद्दा प्रहरीले दर्ता नगरी मिलाउन दवाव दिएको आरोप कटहरी गाउँपालिका वडा नं. २ को संजय कुमार करुवाले लगाएको छ ।

नेपाल पत्रकार महासङ्घ मोरङको हलमा पत्रकार सम्मेलन गर्दै करवाले कुटपिट गर्ने विरूद्ध मोरङ प्रहरीमा ज्यानसम्बन्धी मुद्दा दर्ता नगरी उल्टै मिल्न दबाव दिने गरेको गुनासो गरेको हो ।

हुलाकी लोकमार्ग विस्तारको क्रममा कटहरी २ मा करवा र उचितलाल साह र उनको छोरा अजय साहसंग समान्य भनाभन भएपछि समान्य कुटपीट भएपछि घाईते करुवाले मुद्दा दर्ता गराउन गएका थिए ।

करुवाले शुरुमै हाटखोला चौकीमा कारवाहीको लागि ठाडो उजुरी दिए पछि पुन: सोही घटनामा ज्यानमार्ने मुद्दा दर्ता गर्न नमिल्ने भन्दै मिलापत्र गर्न प्रहरीले दवाव दिएको करवाको दावी छ ।

सडकको समान्य विवादमा करुवाले मलाई ढुगाले हिर्काउन खोज्दा अन्य व्यक्तिहरुले करुवाको हातवाट ढुंगा खोस्दा सोही ढुंगालागि करुवा समान्य घाईते भएको उचितलाल साहले दावी गरेको छ ।

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५0% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:00 बजेदेखि दिउँसो १२:00 बजेसम्म ।

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.नं. ०१/०७३/७४

# इलेक्ट्रिक सिटि रिक्शा चालकलाई सहयोग



बिराटनगर। कोभिडमा राहत साजिक क्षेत्रको साथ, परोपकारी मनले बढाऔं सहयोगी हात भन्ने नाराका साथ विराटनगरका १०२ जना इलेक्ट्रिक सिटि रिक्शा चालकलाई खाद्यान सहयोग गरेका छन्।

एका कार्यक्रमको आयोजना गरी विराटनगर महानगरपालिकाको मेयर भीम पराजुली र गैर सरकारी महासंघको उपाध्यक्ष तथा एबीसी नेपालको अध्यक्ष विष्णु शर्माले संयुक्त रुपमा सहयोग वितरण गरेको हो।

दश जना सिटि रिक्शा चालकहरुलाई खाद्यान सहयोग वावत एक बोरा चामल, नून, तोरी तेल, स्वायवीन, लगायतका सामग्री पराजुली र शर्माले संयुक्त रुपमा हस्तान्तरण गरिएको थियो। त्यसैगरी बांकी ९२ जनाको लागि कुप्पन हस्तान्तरण गरेको थियो।

कोरोना महामारीको वेला नेपाल सरकारले लगाएको निषेधाज्ञाको कारण इलेक्ट्रिक सिटि रिक्शा संचालन नभएपछि विपन्न रिक्शा चालकहरुलाई खाद्यान सामग्री सहयोग गरेको छ। सहयोग वापतको कुप्पन नेपाल यातायात स्वतन्त्र इलेक्ट्रिक रिक्शा मजदुर संघ नगर अध्यक्ष गोपाल भुजेलकाई हस्तान्तरण गरिएको थियो।

उक्त सहयोग एस डब्लु सी, विराटनगर महानगरपालिका थाउजेण्डस र दिगो विकास इन्सन्टिच्युट मिलेर गरेका थिए। इन्सन्टिच्युटको प्रतिनिधी निराकार श्रेष्ठको उपस्थिति रहेको थियो।

# यादव जेष्ठ महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित

बिराटनगर। नगर प्रहरी कार्यालय विराटनगर, मोरङ दरवन्दीका प्रहरी जवान राजेश कुमार यादव जेष्ठ महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित भएका छन्।

विभागिय मुल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी व्यवसायिक, लगनशील र कर्तव्यनिष्ठ तवरले कर्तव्य पथमा तल्लीन रही उच्च मनोवल र साहसका साथ आफ्नो कर्तव्य निर्वाह गरी अपराधिक कार्यमा संलग्न फरार प्रतिवादीहरुलाई पक्राउ गरी अपराध अनुसन्धानको क्षेत्रमा विशेष योगदान पुर्याई अबैध भन्सार छली चोरी निकासी तथा पैठारीको सामानहरु पक्राउ गरी सम्बन्धित निकायमा बुझाउने लगायत विभिन्न महत्वपूर्ण भुमिका निर्वाह गर्नुका साथै आम नागरिकमा सुरक्षाको अनुभूति हुने गरी प्रहरीको छवि उच्च बनाउने तर्फ प्रशंसनीय कार्य गरेकोले नगर प्रहरी कार्यालय विराटनगर, मोरङ दरवन्दीका प्रहरी जवान राजेश कुमार यादवलाई निजले सम्पादन गरेको उत्कृष्ट कार्यको उच्च मुल्याङ्कन गर्दै २०७८ साल जेष्ठ महिनाको सर्वोत्कृष्ट प्रहरी घोषणा गरिएको छ।

प्रहरी कर्मचारीहरुको मनोवल उच्च बनाउने तथा सम्पादित कार्यको उचित मूल्याङकन गर्दै १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले १ नम्बर प्रदेश भरीका प्रहरी कर्मचारीहरु मध्येबाट प्रत्येक महिना सर्वोत्कृष्ट प्रहरी छनौट गर्दै आइरहेको छ।

सर्वोत्कृष्ट हुने प्रहरी कर्मचारीलाई पुरस्कृत गरी उत्कृष्ट कार्यको विवरण सहितको फ्लेक्स प्रिण्ट गरेर १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरमा निर्माण गरिएको स्तम्भ तथा १ नम्बर प्रदेश अन्तर्गत रहेका इलाका प्रहरी कार्यालय 'क' स्तरसम्मका प्रहरी कार्यालयहरुमा १ महिना सम्म राखिदै आईएको छ।

## नेपाल खानेपानी संस्थान

### शाखा कार्यालय विराटनगरको

**ग्राहकबर्गमा जरुरी सुचना**

हाल विश्वब्यापीरुपमा फैलिएको कोरोना (कोबिड–१९) भाईरसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि श्री जिल्ला प्रशासन कार्यालय मोरङबाट मिति २०७८/०१/१९ गते देखी जारी भएको निषेधाज्ञाको अबधीभर यस नेपाल खानेपानी संस्थान बिराटनगर शाखाबाट पानी उत्पादन, बितरण, पाईप र मिटर मर्मत तथा जनगुनासो सुनुवाई जस्ता अत्यावश्यक कार्यहरु नियमित रुपमा सञ्चालन हुने ब्यहोरा अनुरोध गर्दै हालको जटिल परिस्थितिमा मिटर रिडिङ्ग कार्यमा खटिने मिटर रिडर कर्मचारीहरु ग्राहकको घरसम्म गई रिडिङ्ग कार्य गर्न सक्ने अवस्था नरहेको हुँदा ग्राहक महानुभावहरुले आफनो सम्बन्धीत एरियाका तपसिल बमोजिमका मिटर रिडरहरु सँग सम्पर्क गरी ग्राहकको आई.डी., नाम र मिटरमा उठेको अंक टिपाई अनलाईन सिष्टम (E –Sewa, Khalti App, Prabhu pay, Phone pay) आदिबाट समेत महशुल भुक्तानी गर्न सकिने ब्यहोरा अनुरोध गर्दै यसबाट सेवाग्राहीमा पर्नसक्ने असुबिधा प्रति संस्थान क्षमाप्रार्थि छ।

**तपसील**

| सि.नं. | कर्मचारीहरुको नाम | मोबाईल नम्बर | एरिया नम्बर |
|---|---|---|---|
| १. | सन्दिप अर्याल | ९८४२१२८५७८ | १३ र १७ |
| २. | श्यामचन्द्रलाल कर्ण | ९८४२०६८२७८ | १२ , १५ र १६ |
| ३. | नारायण कुमार खड्का | ९८४२०५४४३८ | ९, १० र ११ |
| ४. | सन्जित राय | ९८४२०९६८६८ | १, २ र १८ (सरकारी ) |
| ५. | सत्यनारायण मण्डल | ९८४२३३२४६९ | ३, ४ र १४ |
| ६. | उत्तम पासवान | ९८१४३६३४८१ | ५, ६, ७ र ८ |
| ७. | होम प्रसाद चम्लागाईं (सुचना अधिकारी ) | ९८५२०८१०१३ | कार्यालय सम्बन्धी गुनासो एव थप जानकारीका लागि सम्पर्क गर्नुहुन। |

## राजबंशी...

समितिको जिल्ला सचिव वसन्त राजवंशी सदस्य लक्ष्मीकान्त बिश्वास राजवंशी विराट राजवंशी युवा समिति अध्यक्ष कुसेश्वर राजवंशी सहसचिव अतयानन्द राजवंशी कलाकार समिति सचीव पन्नालाल राजवंशी लगायत आ-आफ्नो धारणा राखेका थिए।

सोही अवसरका देवचरण राजवंशीको अध्यक्षतामा १५ कार्य समिति चयन गरेको थियो। जसमा उपाध्यक्ष दुर्गा देवि राजवंशी, सचिव उमेश राजवंशी, सहसचिव भुनेश राजवंशी, कोषाध्यक्ष हिलमति देवी राजवंशी, सदस्यहरु सियाराम, सजनी, रोजिका, रुपेश, मुनम, सुन्दरी, राजकुमारी, ज्योति, गहनी राजवंशी लगायत एकाइ समितिमा चयन भएको छ। सल्लाहकारमा तिर्थ कुमार राजवंशी, राजेश कुमार राजवंशी, तेजनारायण राजवंशी रहेका छन्।

सो कार्यक्रमको सन्चालक राजेश कुमार राजवंशीले गर्नु भएको थियो भने देवचरण राजवंशीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

## सुनवर्सी...

सिक्टीबाट खटिएको प्रहरी टोलीले लागूऔषध सहित २ जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा मोरङ पथरी शनिश्चरे नगरपालिका वडा नं. ४ का २५ बर्षीय प्रकाश लिम्बु र २० बर्षीय बिमल तामाङ रहेका छन्।

दक्षिणबाट आउदै गरेको को ४ प ९१८० नम्बरको मोटरसाईकलमा सवारी उनीहरुको साथबाट डाईजेलेव १० पिस, फेनारगन १०/१० पिस र ट्रमोल २०० ट्याब्लेट फेलापारी मोटरसाईकल सहित पक्राउ गरिएको हो।

पक्राउ परेका ५ जना उपर ईलाका प्रहरी कार्यालय रंगेलीमा लगि थप अनुन्धान भईरहेको छ।







## सुनसरी मोरंग सिचाई योजनाको नहर प्रणाली क्षेत्र भित्र अनाधिकृत रूपमा बनाइएका घर टहरा तथा घेरवारहरू हटाउने वारेको

### अत्यन्त जरुरी सूचना

यस सुनसरी मोरंग सिचाई योजना अन्तर्गत मूल नहर शाखा, उपशाखा, प्रशाखा, टर्सरी र भि.सी. नहरको डिल अतिक्रमण गरी अनाधिकृत रुपमा घर, टहरा बनाई बसोवास गरेको, बालीनाली, बोटविरुवा, दलहन तथा परालको माच, टाल आदि लगाएको र नहरको डिल भत्काई पानी संचालन र नहर मर्मत सम्भार एवं सर्भिस रोड समेत अतिक्रमण भई नहर संचालन गर्न कठिनाई भएका साथै नहरको जग्गा संरक्षण र व्यवस्थापनमा समेत कठिनाई परेकोले बनाईएका घर टहरा गोठ एवं अन्य सामग्री र गार्य बस्तु बाध्न पूर्ण रुपमा रोक लगाईएको व्यहोरा सरोकारवाला सबैमा जानकारी गराईन्छ। यो सूचनालार्य अटेर गरि नहरको डिलहरुमा कुनै किसिमको घर, टहरा, बाली-नाली, बोटविरुवा, दलहन तथा परालको माच, टाल नहरको डिलमा रहेको पाइएमा सो कार्यालयले हटाउन परेको खण्डमा सोको हर्जाना समेत सम्बन्धित व्यक्तिहरुबाटै अशुल उपर गरिने र हटाउँदा पर्ने क्षतिको जवाफ देही समेत सरोकारवाला आफैले व्यहोर्नु पर्ने व्यहोरा जानकारी गराईन्छ।

**सुनसरी मोरंग सिंचाई योजना विराटनगर**

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION

## सम्पादकीय

# बाढी, पहिरो र डुवानको विपत्ती

यसवर्षको मनसुन सुरुसंगै बाढी, पहिरो र डुवानले नेपाली जनतामा वितन्डा मचाएको छ। बाढी, पहिरो र डुबानमा परेका नेपाली जनताको विपत्तीमा सरकारले महलम लगाउन सकेको छैन। विपत्तीमा परेको नेपाली जनतालाई राहत पुऱ्याउनु कता हो कता नेपालका प्रधानमन्त्री केपी शर्मा ओली लगायतका राजनीतिक दलका नेताहरुले कसरी आफु कुर्सीमा पुग्न सकिन्छ भनेर अर्जुन दृष्टि लगाएर सकुनीको दाउपेच खेली रहेको छ। कोरोना महामारीले थलिएका नागरिकलाई पुन : वर्षात्सँगै सुरु भएको प्राकृतिक विपतले त्रसित बनाएको छ। भौगोलिक बनावटसँगै अव्यवस्थित बस्ती र विकास निर्माणका कारण बाढी, पहिरोले वर्षेनी भौतिक र मानवीय क्षति थप्दै जाने गरेको छ। नेपाल भगौलिक रुपमा तीन किसिको जलवायू रहेको छ हिमाल, पहाड र तराई जसले गर्दा तीनै ठाउँ उच्च बाढी, पहिरो र डुवानको जोखिममा रहेको छ। विपत्तीमा परेको जनतालाई राहत र क्षतिपुर्ति पुऱ्याउने सरकारको काम हो तर सरकार कानमा तेल हालेर बसेको छ।

नेपालमा जेठ, आषाढ, श्रावण र भदौ सम्म बाढी, पहिरो र डुवानका जोखिम हुनछ। नेपाल सरकारको राहत विपत्त आएपछि तुरुन्तै आउँदैन, सरकारको राहत आउन हप्ताऔं लाग्छ। विपत्ती व्यवस्थापन समिति छ तर कार्यान्वयनमा छैन। समितिले सालभरी भत्ताा खानेकाम मात्र गर्द विपत्तीलाई व्यवस्थापन गर्ने काम गर्दैनन्। विपत् व्यवस्थापनका लागि केन्द्रदेखि स्थानीय तहसम्म संयन्त्र बनेका छन्। वर्षात्को समयमा बैठक बस्ने अनि राहत के छ ? उद्धारका सामग्री के छन् ? भन्ने विषय बाहेकको चर्चा र खोजी ती समितिका बैठकमा हुँदैनन्। विपत् व्यवस्थापनसम्बन्धी सरकारका केन्द्रमै आधा दर्जनभन्दा बढी संयन्त्र छन्। सयन्त्र सक्रिय छैन। संयन्त्रको समन्वय नहुँदा जोखिम न्यूनीकरणको त परको कुरा, समयमा राहत र उद्धार नपाएर पीडितले झनै पीडा भोगेको अर्थात हामीसंग छ। करोडौको भौतिक समग्रीहर नष्ट भएर जान्छ तर पनि सरकार जोखिम न्यूनिकरण तिर लाग्दैनन्।

बाढी, पहिरो र डुबान जस्ता विपत्तीलाई न्यूनिकरण गर्नको लागि केन्द्र देखि स्थानीय तहसम्म राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई चलायमान बनाउनु पर्छ। प्राधिकरणलाई स्रोत, साधन र विशेषज्ञहरुको जनशक्तिको अभावलाई व्यवस्थापन गर्न जुरुरी छ। सधै आई रहने बाढी, पहिरो र डुवान जस्ता विपत्तीलाई सरकारले गम्भीरता पुर्वक लिएर विपत्तीको पुर्वतयारी गरेर राखन जरुरी छ।

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष** (**इ,उ,ए,ओ,वा,वि,वु,वे,वो**): **आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन** (**क,कि,कु,घ,ङ,छ,के,को,ह**) : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट** (**हि,हु,हे,हो,डा,डि,डु,डे,डो**):मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह** (**मा,मि,मु,मे,मो,टा,टि,टु,टे**): विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या** (**टो,प,पी,पू,ष,ण,ठ,पे,पो**): शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला** (**रा,री,रु,रे,रो,ता,ती,तु,ते**):परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक** (**तो,ना,नि,नू,ने,नो,या,यि,यू**): आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु** (**यो,भा,भी,भू,ध,फा,ढ,भे**): मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर** (**भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी**):महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ** (**गु,गे,गो,सा,सी,सु,से,सो,द**):सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन** (**दी,दु,थ,झ,ञ,दे,दो,च,ची**):शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# बिराटनगर महानगपालिकाको
# आर्थिक वर्ष २०७८-०७९ को नीति, कार्यक्रम तथा बजेट

नगरसभाका आदरणीय अध्यक्ष ज्यू
नगरसभाका सम्पुर्ण सदस्य ज्यूहरु,

नेपाली जनताको स्वतन्त्रता, लोकतन्त्र, शान्ति र समावेशी समाज निर्माणका लागि विभिन्न चरणको आन्दोलनमा आफनो अमूल्य जीवन आहुति दिनुहुने ज्ञातअज्ञात शहिदहरु हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु। यसैगरी कोभिड १९ को महामारी बाट मृत्यु भएकाहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै विरामी भई उपचार गराई रहेकाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। राजनैतिक तथा सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमीका निर्वाह गर्नुहुने सबै अग्रजहरुप्रति महानगर पालिकाको तर्फबाट हृदयदेखि नै सम्मान प्रकट गर्दछु।

पौराणिक कालमा विराट राजाले राज्य गरेको यो शहर वि.स. १९७० सालसम्म गोग्राहाको नामले चिनिएको, २००८ सालमा नगरपालिका, २०५२ सालमा उपमहानगरपालिका हुदै वि.सं. २०७४ सालमा महानगर पालिकामा घोषित प्रदेश नं १ को प्रादेशिक राजधानी राजनीतिक, वैचारिक तथा औद्यौगिक नगरीको रुपमा परिचित रहेको कुरा विदितैछ। यो सम्मानित नगरसभामा आर्थिक वर्ष २०७८।०७९ को नीति, कायक्रम तथा बजेट पेश गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ।

नगरवासीले हामीलाई कार्यभार सुम्पेको चार वर्ष पुरा भैसक्नै लागेको छ। यो अवधिमा नगरलाई समृद्ध वनाउने जिम्मेवारी काँधमा लिइरहँदा हाम्रा सीमित स्रोत र साधनलाई अधिकतम प्रयोग गरी नगरवासीका आकांक्षाहरुलाई समेटन प्रयासरत रहेका छौ। हामीले चारवर्ष नगरवासीको विकासमा गरेको अनुभवलाई थप निखार्दै अत्यन्त ईमान्दार र कर्तव्य निष्ठाका साथ आठौ नगरसभाले पारित गर्ने नीति, कार्यक्रम तथा बजेटले दीर्घकालीन महत्व राख्नेछ भन्ने विश्वास लिएको छु।

आव ०७४।०७५ देखि आव ०७६।०७७ सम्मको उपलब्धीहरु:

अध्यक्ष महोदय,

२०५९ साल पश्चात स्थानीय तहमा लामो समयसम्म जनप्रतिनिधि विहिन अवस्थामा संविधान सभाबाट नेपालको संविधान जारी भएसंगै संघीय संरचना अनुरुप पहिलो चरणमा स्थानीय तहको निर्वाचन भए पछि २०७४ साल असार महिनादेखि हामीले यस महानगरपालिकाको जिम्मेवारी र जवाफदेहिता वहन गर्दै आएको छौं। यस अवधिमा हामीले संविधान र कानुनले तोकेका काम, कर्तव्य र अधिकारहरुको पालना गर्दै उपलब्ध साधन स्रोतहरुको अधिकतम प्रयोग गरी महानगरको सर्वाङ्गिण विकासमा ठोस उपलब्धीहरु हाँसिल गरेको कुरा गरिमामय नगरसभामा प्रस्तुत गर्न चाहान्छु।

आ.व. ०७४/७५ देखि ०७६/७७ सम्मको ३ वर्षको अवधिमा पूर्वाधार विकासका क्षेत्रमा जनताले देख्न र अनुभूति गर्न सकिने गरी शहरी पूर्वाधारहरुको निर्माण भएको छ। शहरी पूर्वाधारका दुई महत्वपूर्ण आयोजना मझौला शहरको एकीकृत शहरी वातावरणीय सुधार परियोजना र क्षेत्रीय शहरी विकास परियोजनाको यही अवधिमा कार्य सम्पन्न भएका छन्। 'एटीआईयूईआईपी' बाट ठूला नाला ३६ कि.मि., सडक छेउको नाला ३६ कि.मि., ढल प्रणाली ४३ कि.मि. र १८ वटा हाउस कनेक्सन च्याम्वर र सडक सुधार ४१ कि.मि. को निर्माण गरी सडक पूर्वाधारसँगै डुवानको वर्षौको समस्या समाधान भएको छ। साथै जग्गा खरिद गरी फोहोर पानी प्रशोधन केन्द्र निर्माण गरिएको र ढल प्रणाली सञ्चालनका लागि उपकरण सहित आवश्यक व्यवस्था गरिएको छ। 'आरयूडीपी' बाट ठूला नाला ५८५ कि.मि., सडक नाला ३६ कि.मि., ढल प्रणाली १८ कि.मि. सहित २२१५ वटा हाउस कनेक्सन च्याम्वर र गुणस्तरीय नाला फुटपाथ सहित ५९ कि.मि. पिच सडकको निर्माण सम्पन्न गरी शहरको स्वरुप नै परिवर्तन भएको र अन्य स्थानीय तह भन्दा अवल काम भएको यहाँहरुमा जानकारी गराउन चाहान्छु।

यसैगरी शहरी पूर्वाधार विकास महाशाखा तर्फबाट विगत तीन वर्षमा कालो पत्रे सडक ११ कि.मि. ग्राभेल ७४ कि.मि., नाला ५४ कि.मि., रिटेनिङ्गवाल ६४ कि.मि., आरसिसी पिसिसी ढलान ७ कि.मि., विभिन्न भवन २०९ वटा, कलभर्ट १०० वटा, हयुमपाईप १४ वटा, खानेपानी पाईप ३८३७ मिटर., सडकमा ब्लक १६८३ मि.ग्याविन तारजालीको ११९० घन मिटरको निर्माण भएको छ। यसैगरी ४ वटा मसानघाट, ७ वटा सार्वजनिक सौचालय र २ वटा खेलमैदान निर्माण तथा मर्मत सम्भार गरिएको छ। महानगर भित्रका सडकहरुमा देखा परेका खाडल मर्मत सम्भार गरी बाह्रै महिना सवारी साधन चल्ने बनाइएको छ। हामीले जिम्मेवारी सम्हाल्दा जताजतै टुटे फूटेका विग्रिएका सडक र गल्लीहरु रहेकोमा हाल महानगर क्षेत्र भित्र करिव १५० कि.मि. कालो पत्रे सडक रहेको छ। विकास निर्माण र सेवा प्रवाहका लागि रोलर, पानी टयांकर, ब्रुमर जस्ता अत्यावश्यक इक्युपमेन्ट खरिद गरि परिचालन गरिएको छ। यी सवैले शहरको सौन्दर्यीकरणमा समेत बृद्धि भएको छ। घर नक्सा पास प्रक्रियामा भवन आचारसंहिता तथा विल्डिंङ कोड लागु गरिएको छ।

विगत तीन वर्षमा सामाजिक विकासका क्षेत्रमा समेत सार्थक उपलब्धिहरु हासिल भएका छन्। शिक्षातर्फ महानगरपालिका शिक्षा ऐन २०७६ तथा कार्यविधी २०७४ जारी गरी माध्यमिक तहको शिक्षालाई स्थानीयकरण गरिएको छ। विद्यालयहरुको भौतिक विकास तर्फ १० वटा नमूना विद्यालयको विकास, १३ वटामा 'आईसीटी' ल्याव स्थापना, ६ वटा शौचालय, ३ वटा ट्रस भवन, ३ वटा पक्की भवन, ५ वटा खानेपानी, ३ वटा कम्पाउण्डवाल निर्माण, ८ वटामा फर्निचर र ४० वटा भन्दा बढी विद्यालयमा मर्मत सम्भार गरी गुणात्मक शिक्षाका लागि पूर्वाधार विकास गरिएको छ। यसैगरी दरवन्दीको अभावमा रहेका १४ वटा विद्यालयमा गणित र विज्ञान शिक्षकको व्यवस्था गरिएको, न्यून पारिश्रमिकमा कार्यरत २० जना विद्यालय कर्मचारी, ५६ जना सहयोगी र बालविकास केन्द्रका १५० जना सहयोगी कार्यकर्तालाई मासिक पारिश्रमिकमा प्रोत्साहन गरिएको छ। वार्ड नं. १८ र १९ का एक हजार विद्यार्थीलाई दिवा खाजाको व्यवस्था गरी पठनपाठन गर्न प्रोत्साहित गरिएको छ। ६० वटा सामुदायिक विद्यालयमा अध्ययनरत २०० जना किशोरीहरु लाई आत्मरक्षा तालिम दिइएकोछ। समग्रमा शिक्षामा भएको लगानीले धेरै विद्यालयहरुको पूर्वाधार विकास तथा शिक्षाको गुणस्तरमा सुधार भई विद्यालयहरुको मुहार फेरिएको छ जसको परिणाम स्वरुप सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्दोक्रममा रहेकोछ।

युवा तथा खेलकुदका क्षेत्रमा यस अवधिमा साफ अन्तर्राष्ट्रिय महिला फुटबल सञ्चालन, उपमेयर कप राष्ट्रिय महिला फुटबल टुर्नामेण्ट, विराट गोल्डकप सञ्चालन, किशोरी आत्मरक्षा तालिम, राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन तथा सहभागितालगायत मोफसलका विभिन्न खेलकुद गतिविधिहरुमा सहयोग, सहभागिता तथा सञ्चालन गरिएकोछ। वडा न ७ मा खेलकुद कभर्डहलको निर्माणमा सहयोग गरिएको छ। विकास निर्माण तथा विपद व्यवस्थापनमा युवाहरुलाई परिचालन गरिएको छ। क्षमता विकास कार्यक्रम मार्फत युवाहरुको सशक्तिकरण गरिएको छ।

सामुदायिक विकासका क्षेत्रमा सिंगिया खोला किनारमा बस्ने ५८१ परिवारलाई विकास साझेदारहरुसँगको सहकार्यमा वाँसको २ कोठे अस्थायी घर निर्माण गरी हस्तान्तरण गरिएको, ऋषिदेव समुदायको वार्ड नं. १९ का ३२ सुकुम्वासी परिवारलाई आवासको व्यवस्था गरिएको र वार्ड नं. ५ का ५२ सुकुम्वासी परिवारका लागि नमुना आवास निर्माण भइरहेको छ। बाल स्रोत सूचना केन्द्र सञ्चालनमा आएको छ। प्रजातन्त्र सेनानीहरुलाई मासिक रु. २५००। भत्ता उपलब्ध गराईएको छ। ५० जना सडक मानवहरुलाई उद्वार गरी मानव सेवा आश्रममा राखिएको छ। सदगद कार्यका लागि निशुल्क दाउरा उपलब्ध गराइएको छ।

स्वास्थतर्फ सबै वडाहरुमा आधारभूत स्वास्थ केन्द्रहरुको सञ्चालन तथा आवश्यक स्वास्थ कर्मचारीहरुको व्यवस्था गरिएको छ। वडा नं. १५ रानीमा स्थायी हेल्थडेस्कको व्यवस्था, छोरी प्रोत्साहन कार्यक्रम, पूर्ण खोप घोषणा तथा कोल्डचेन सेण्टरको स्थापना, रानी र वैजनाथपुर स्वास्थ केन्द्रमा थप भवन निर्माण, नि:शुल्क प्रसुती एम्वुलेन्स सेवाको व्यवस्था गरिएको छ। यसैगरी स्वास्थ संस्थाहरुको लागि उपकरणहरुको व्यवस्था, विपन्न नागरिक उपचार राहत कोषको स्थापना, नि:शुल्क रक्त संचार सेवा, स्वास्थ शिविरहरुको सञ्चालन पनि गरिएको छ। ८४ वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई पोषण भत्ता उपलब्ध गराईएको छ। एचआइभी सक्रमित बालबालिकाहरुलाई मासिक रु २०००। का दरले पोषण भत्ता उपलब्ध गराइएको छ। वार्ड नं. ५ स्थित स्वास्थ केन्द्रमा नगरवासीहरुलाई नि:शुल्क रुपमा मधुमेह र उच्च रक्तचापको परीक्षण गर्ने व्यवस्था मिलाइएको छ।

गत वर्ष देखा परेको कोभिड -१९ को रोकथाम, उपचार र नियन्त्रणका लागि विशेष ध्यान दिई हेल्पडेस्कको सञ्चालन, एन्टिजेन्ट तथा आरडिटी, पिसिआर परीक्षण, क्वारेन्टाईन तथा आईसोलेशनको व्यवस्थापन, एम्वुलेन्स सेवा, स्वास्थ्य सामाग्री वितरण, ३० हजार घर परिवारलाई राहत वितरण, नागरिक केयर सेन्टर स्थापनामा सहकार्य तथा कोशी अस्पताललाई सहयोग गरी जनताको मन जित्न सफल भएका छौ।

वातावरण तथा विपद व्यवस्थापनका क्षेत्रमा पनि महत्वपूर्ण कार्य र उपलब्धीहरु हासिल भएका छन् विपद सम्बन्धी ऐन कानुन, नीति, कार्ययोजनाको तर्जुमा विपद समितिहरुको गठन, विपद कोषको स्थापना, अभिमुखीकरण, सुरक्षा निकायहरुलाई उद्वार सामग्री हस्तान्तरण गरिएकोछ। शितलहरमा न्यानो कपडा र दाउरा वितरण गरिएको छ। वारुणयन्त्रलाई महानगर क्षेत्र भित्रका साथै छिमेकी जिल्लाहरुमा हुने आगलागी नियन्त्रणमा समेत परिचालन गरिएको छ। वातावरणका क्षेत्रमा विभिन्न स्थानमा वृक्षारोपण, दैनिक फोहोरमैलाको व्यवस्थापन, जथाभावी फोहर फाल्नेलाई जरिवाना, गरिब समुदायमा सुधारिएको चुलो वितरण एंव वायोग्याँस जडान, विद्यालयमा जलवायु परिवर्तन सम्वन्धि सचेतना, प्लाष्टिक झोला नियन्त्रण सम्वन्धि सचेतना तथा कपडाको झोला बनाउने तालिम प्रदान गरिएको छ। खोला किनारबाट माटो उत्खनन गर्न प्रतिवन्ध लगाई अवैध खोला उत्खनन नियन्त्रण गरिएको छ। यसैगरी सडक पेटीमा राखिएका निर्माण सामग्री हटाईएको, छाडा पशु चौपाया नियन्त्रण गरिएको, फुटपाथ व्यवस्थापन गरिएको, अव्यवस्थित होर्डिङ वोर्ड तथा प्रचार पम्पलेट हटाई शहरलाइ सफा र सुन्दर राख्ने काम भएको छ। वातावरण प्रदूषण सम्वन्धि ५० वटा उजुरीहरुको कार्यवाही गरीएको छ।

आर्थिक विकासका क्षेत्रमा कृषि विकास तर्फ विभिन्न कार्यक्रम सञ्चालन भई कृषिको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न मद्दत पुगेको छ। सहकारी ऐन जारी गरी सहकारीहरुको प्रभावकारी अनुगमन, उजुरीहरुको सुनवाई तथा आवश्यक नियमन कार्य गरिएको छ। सुरक्षित आप्रवासन परियोजना (सामी) मार्फत वैदेशिक रोजगार लाई स्वच्छ र सुरक्षित वनाउने प्रयास गरिएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रमवाट १५३६ वेरोजगारीहरुको सुचिकरण गरिएको र ती मध्ये ९४ जनाले रोजगारी प्राप्त गरेका छन्।

सुशासन तथा संस्थागत

वांकी ३ पेजमा...

# बिराटनगर महानगपालिकाको...

विकासका क्षेत्रमा स्थानीय सरकार सञ्चालनका लागि आवश्यक कानुनहरुको तर्जुमा , कर्मचारी हरु को समायोजन, आवश्यक कर्मचारी तथा नगर प्रहरीहरुको पदपूर्ति, महानगरका गतिविधिहरुको प्रसारण, वडा कार्यालयहरुको व्यवस्थापन, वडा कार्यालयबाटै कर संकलनको व्यवस्था, करको दायरामा बृद्धि, सूचना तथा प्रविधीमैत्री कार्यप्रणालीको विकास गरिएको छ ।

हामीले विगत तीन वर्षमा हासिल गरेका उपलब्धिहरु नगरवासीहरुको आंकाक्षा र माग परिपूर्ति गर्न पर्याप्त नभएतापनि यी उपलब्धिहरु शहरी, आर्थिक एंव सामाजिक पूर्वाधार निर्माण गर्न महत्वपूर्ण आधार भएका छन् । हामीले शुरु गरेका विकास कार्यहरुले पूर्णता पाए पछि थप नतिजा देखिने नै छ । यी उपलब्धिहरु स्थानीय सुशासन, विकास र समृद्धिका लागि कोशे ढुंगा सावित भएका छन् । जनताको सवै भन्दा नजिकको सरकारका रुपमा महानगरपालिका प्रति नगरवासीहरुको भरोसा र विश्वासमा भएको बृद्धि नै हाम्रो सबै भन्दा ठूलो पूँजी र उपलब्धि हो ।

गत आर्थिक वर्ष २०७६।०७७ को अनुमान र यथार्थ:

अध्यक्ष महोदय,

अव म आर्थिक वर्ष २०७६।०७७ को अनुमानित आय र व्ययको यर्थाथ स्थिति प्रस्तुत गर्न चाहान्छु ।

आर्थिक वर्ष २०७६।०७७ का लागि कुल अनुमानित आय रु ४ अरव ४३ करोड ३४ लाख ४४ हजार ७५० अनुमान गरिएकोमा यर्थाथ आय रु २ अरव ४८ करोड २८ लाख २७ हजार ९४४ रुपैया मात्र भएको छ । यसै गरि आर्थिक वर्ष २०७६।०७७ का लागि कुल अनुमानित व्यय रु ४ अरव ४३ करोड ३४ लाख ४४ हजार ७५० रुपैया अनुमान गरिएकोमा यर्थाथ व्यय रु २ अरव १९ करोड १ लाख २४ हजार ६२७ रुपैया मात्र भएको छ ।

पुँजीगत तर्फ कुल व्यय रु ४ अरव ३ करोड ३४ लाख ७८ हजार ७५० रुपैयाँ अनुमान गरिएकोमा रु १ अरव ८२ करोड ५ लाख ४१ हजार १६७ रुपैयाँ खर्च भएको छ । कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च रु ३९ करोड ९९ लाख ६६ हजार अनुमान गरिएको मा रु ३६ करोड ९५ लाख ८३ हजार ४६० रुपैया खर्च भएको छ ।

आर्थिक वर्ष २०७६।०७७ का लागि आन्तरिक आय रु ५९ करोड ९८ लाख १५ हजार अनुमान गरिएको मा यथार्थ आय ३४ करोड ९१ लाख ५८ हजार ५८३ रुपैया अर्थात ५८ प्रतिशत आन्तरिक आय मात्र संकलन भएको छ । अन्तर सरकारी वित्तिय हस्तान्तरण संघीय सरकार तर्फ रु १ अरव ३६ करोड ३९ लाख १८ हजार अनुमान गरिएकोमा रु १ अरव ३२ लाख ३७ हजार अनुदान प्राप्त भएकोछ । प्रदेश सरकार तर्फ रु ३३ करोड ४४ हजार अनुमान गरिएकोमा रु १५ करोड ७५ लाख ४५ हजार प्राप्त भएकोछ । अन्य संघसंस्थारऋण अनुदान तर्फ रु ५७ करोड अनुमान गरिएकोमा सामाजिक सुरक्षा भक्ता कोलेनिकाबाट भुक्तानि भएकोले सञ्चित कोषमा दाखिला नभएको हुँदा र नगर विकास कोषबाट ऋण सापटी वापतको रकम नलिएको हुदाँ रु ५ करोड ८० लाख ८५ हजार २३१ रुपैया प्राप्त भएको छ । यसै गरि जनसहभागिता तर्फ १६ करोड ९७ लाख ३१ हजार ७५० अनुमान गरिएकोमा १४ करोड ४ लाख ५५ हजार ६६५ मात्र जनसहभागिता जुटेको छ ।

चालु आर्थिक वर्ष २०७७/०७८ को १० महिनाको समीक्षा :

अध्यक्ष महोदय,

अव म चालु आर्थिक वर्ष २०७७।०७८ दश महिनाको अनुमानित आय र व्ययको यर्थाथ स्थिति प्रस्तुत गर्न चाहान्छु ।

आर्थिक वर्ष २०७७।०७८ का लागि संशोधित कुल अनुमानित आय रु. ४ अरव २३ करोड ३ लाख ७० हजार ५७९ रुपैयाँ अनुमान गरिएकोमा दश महिनाको अवधिमा यर्थाथ आय रु १ अरव ४४ करोड ९९ लाख ९ हजार ६९५ रुपैयाँ मात्र भएको छ । यसैगरी कुल अनुमानित व्यय रु ४ अरव २३ करोड ३ लाख ७० हजार ५७९ रुपैयाँ अनुमान गरिएकोमा १० महिनाको यर्थाथ कुल व्यय रु १ अरव ३३ करोड २९ लाख २१ हजार १७७ रुपैया मात्र भएको छ । जसमध्ये पूँजीगततर्फ कूल व्यय रु ३ अरव ६३ करोड ९३ लाख १२ हजार ५०५ रुपैयाँ अनुमान गरिएकोमा रु ८८ करोड ५४ लाख ५१ हजार ३४८ रुपैयाँ खर्च भएको छ । यसैगरी कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ रु ५९ करोड १० लाख ५८ हजार ७४ रुपैयाँ अनुमान गरिएकोमा रु ४४ करोड ७४ लाख ६९ हजार ८२९ रुपैया खर्च भएको छ ।

यसैगरी आन्तरिक आय रु ९५ करोड ७५ लाख ५४ हजार ८५१ रुपैयाँ अनुमान गरिएकोमा चालु आवको १० महिनामा यथार्थ आय ३१ करोड ३८ लाख ७ हजार ४१० रुपैयाँ अर्थात ३२ प्रतिशत मात्र संकलन भएको छ । राजस्व बाँडफाडतर्फ ८८ करोड १९ लाख ८ हजार ११५ अनुमान गरिएकोमा ४० करोड १ लाख ९६ हजार १३३ मात्र प्राप्त भएकोछ । अन्तर सरकारी वित्तिय हस्तान्तरण संघीय सरकारतर्फ रु १ अरव ४७ करोड ७४ लाख २२ हजार ९६७ रुपैयाँ अनुमान गरिएकोमा रु ६६ करोड ९७ लाख ४४ हजार अनुदान प्राप्त भएको छ । प्रदेश सरकार तर्फ रु ६ करोड २० लाख ७ हजार अनुमान गरिएकोमा रु ३ करोड ५३ लाख ३७ हजार प्राप्त भएको छ । अन्य संघसंस्था अनुदानतर्फ रु ४३ करोड ३ लाख ८० हजार अनुमान गरिएकोमा सामाजिक सुरक्षा भत्ता सोझै कोलेनिका मार्फत भुक्तानि भएको हुँदा सञ्चित कोषमा जम्मा नभएका ले रु ५२ लाख ८ हजार २४ चौवीस रुपैयाँ मात्र प्राप्त भएकोछ । जन सहभागितातर्फ १४ करोड ७ लाख ५५ हजार १८२ अनुमान गरिएकोमा १ करोड ७६ लाख १७ हजार १२६ रुपैया मात्र जनसहभागिता जुटेको छ । कोभिड-१९ को कारणबाट भएको लकडाउनले ल्याएको आर्थिक संकुचन, राजस्व सुधार योजनाको अभाव र स्वेच्छिक कर पालनाको कमीका कारणले आन्तरिक राजस्व लक्ष्य अनुसार संकलन हुन सकेन । यसका लागि हामीले आगामी वर्ष अझ धेरै काम र सुधारहरु गर्नुपर्ने देखिएको छ ।

चालु आव १० महिनाको क्षेत्रगत उपलब्धिमा 'आरयूडीपी' तर्फ फोहोर पानी प्रशोधन केन्द्रको सञ्चालन, ५ कि.मि थप नाला, ७५५ वटा हाउस कनेक्सन चेम्वर जडान र १६ कि.मि. पिच सडक निमार्ण सम्पन्न भएको छ । नगर विकास कोषको ऋण सहयोगमा विरेन्द्र सभागृहको पूर्ननिर्माण कार्य शुरु भएको छ भने ४ वटा आकाशे पुलको निर्माण र महानगरपालिकाको मुख्य प्रशासनिक कार्यालय भवनको अग्रभागको पुन:निर्माण प्रक्रियामा रहेको छ ।

महानगर आवास योजना अन्तर्गत वार्ड नं. १२ मा १४५ सुकुम्वासी परिवारका लागि आवास निर्माण कार्य शुरु भएको छ । प्रधानमन्त्री पार्क र विराटराजाको दरवारको 'डीपीआर'तयारी अन्तिम चरणमा पुगेको छ भने हिमालय रोडको डिपिआर प्राप्त भै टेण्डर आव्हान गर्न लागिएको छ । सुरक्षा व्यवस्थापन तथा सुचनामा पहुँचका लागि नगर प्रहरीहरुलाई वाकीटकीको व्यवस्थापन साथै क्षमता विकासका कार्यहरु गरिएको छ ।

नगर प्रहरीहरु परिचालन गरि छाडा पशु चौपाया, फुटपाथ नियन्त्रण तथा खोलाजन्य पदार्थको अवैध उत्खनन जरिवाना वापत रु ५ लाख ६६ हजार असुली भएको छ । कोरोना रोकथाम, उपचार तथा नियन्त्रणमा उलेखनिय कार्य भइरहेको छ । यस वर्षदेखि महानगरभित्र निर्माण हुने आयोजना हरुको प्रारम्भिक वातावरणीय परीक्षण (आइई) महानगरपालिका आफैले गर्ने कार्य प्रारम्भ गरिएको छ । विराटनगरको संक्षिप्त इतिहास लेखन शुरुवात भएको छ । विद्यालयहरुको दरवन्दी मिलान गरी आवश्यक दरवन्दी कायम गरिएको छ । आदर्श माविमा समावेशी शिक्षा कार्यान्वयनका लागि विधार्थी भर्ना गरि अपाँगतामैत्री भवन संरचनाको निर्माण कार्य शुरु भै शिक्षकहरुलाई समावेशी शिक्षा सम्बन्धि अभिमुखी करण गरिएकोछ । कक्षा १ देखि कक्षा ५ को स्थानीय पाठयक्रम कार्यान्वयनको अवस्थामा छ । छात्राहरुका लागि नि:शुल्क सेनेटरी प्याडको व्यवस्थापन र कक्षा ५ सम्मका सवै विधार्थीहरुका लागि दिवा खाजाको व्यवस्थापन गरिएको छ । विधार्थीहरुका लागि भय रहित शिक्षा कार्यमा माक्स, सेनीटाईजर वितरण गरी विधालयमा डिस इन्फेक्सनको व्यवस्थापन गरिएको छ । कोभिड-१९ को कारणले भएको बन्दाबन्दीको अवधिमा सिकाईलाई निरन्तरता दिन स्थानीय टेलिभिजन र एफ. एम. वाट कक्षा ४ देखि १० सम्मको पाठ प्रसारण गरिएको छ । कोभिड-१९ को माहामारी र लक्ष्य अनुसार आन्तरिक श्रोत संकलन तथा राजस्व बाँडफाँडबाट रकम प्राप्त हुन नसक्दा चालु वर्षका योजनाहरु कार्यान्वयनमा गम्भीर असर परेको भएता पनि चालु आर्थिक वर्षका अधिकांश आयोजनाहरु कार्यान्वयन को चरणमा रहेकोले वर्षको अन्त सम्ममा थप उपलब्धिहरु हाँसिल हुनेछन् ।

आगामी आव ०७८।०७९ को नीति, बजेट तथा कार्यक्रम:

अध्यक्ष महोदय,

अव म आव २०७८।०७९ नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु । आगामी आर्थिक वर्ष २०७८।०७९ को नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, राष्ट्रिय योजना आयोगको बजेट तथा मध्यकालीन खर्च संरचना तर्जुमा सम्बन्धि मार्गदर्शन, संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७५, दिगो विकासका लक्ष्यले निर्धारण गरेका क्षेत्रहरु, विगतका अनुभव तथा सिकाईहरु, उपलब्ध स्रोत साधनलाई आधारको रुपमा लिइएको छ ।

योजना तर्जुमा गर्दा सहभागिता मुलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरिएको छ । वडा समितिको सिफारिस, राजनैतिक दल तथा विज्ञ सल्लाहकारहरुको राय सुझाव, कार्यपालिकाका विषयगत समितिहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति र कार्यपालिकामा सघन रुपमा छलफल भई नीति कार्यक्रम तथा बजेट तर्जुमा गरिएकोछ ।

नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा हामी सवैको रहर शिक्षित, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर भन्ने दिर्घकालीन सोच लिएर सुखी नगरवासी, समृद्ध नगर भन्ने लक्ष्य लिएकाछौ । लक्ष्यलाई हासिल गर्नका लागि निम्न उद्देश्यहरु लिएको छ ।

१) महानगरपालिकाको लागि आवश्यक न्युनतम शहरी पुर्वाधारहरुको विकास गर्नु ।

२) शिक्षा, स्वास्थ्य तथा पोषणको विकास गरि नगरवासीहरुको जीवनमा गुणात्मक सुधार गर्नु ।

३) लैगिक तथा सामाजिक समावेशीकरणको विकास गर्नु ।

४) सुशासन तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।

५) कृषि,पशु, सहकारी, रोजगारी र पर्यटनको विकास गरि आर्थिक उत्पादन वृद्धि गर्नु ।

६) पिछडिएको वर्ग तथा समुदायको लागि सामाजिक न्याय सहितको आर्थिक विकास गर्नु ।

७) दिगो वातावरण संरक्षण गर्नु तथा विपद व्यवस्थापनलाई प्रभावकारी बनाउनु ।

८) विभिन्न समुदायको भाषा, कला, साहित्य तथा संस्कृतिलाई प्रवर्द्धन गर्नु ।

आगामी आर्थिक वर्ष २०७८।०७९ को नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा देहायका क्षेत्रहरुलाई प्रमुख प्राथमिकता दिईएको छ ।

क) शहरी पुर्वाधारहरुको विकास ।

ख) गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण ।

ग) लैगिंक समानता तथा सामाजिक समावेशीकरण

घ) सुशासन तथा सेवा प्रवाह ।

ङ) अधुरा आयोजनाहरुको कार्यान्वयन ।

च) फोहोरमैलाको दिगो व्यवस्थापन

छ) युवा तथा खेलकुदको विकास ।

ज) विपद व्यवस्थापन तथा महामारी नियन्त्रण ।

झ) अपाङ्गता रोकथाम तथा पुर्नस्थापना ।

ञ) धार्मिक तथा सास्कृतिक प्रवर्द्धन सहितको पर्यटन विकास ।

ट) रोजगार, आय तथा उत्पादन वृद्धि ।

क्षेत्रगत नीतिहरु:

अध्यक्ष महोदय,

अव म आर्थिक बर्ष २०७८।०७९ को क्षेत्रगत नितीहरु प्रस्तुत गर्न चाहान्छु ।

सुशासन तथा संस्थागत विकास

क) सामान्य प्रशासन :

१ महानगरपालिकाको कार्यविभाजन नियमावली २०७४ र कार्य सम्पादन नियमावली २०७४ लाई समयानूकूल परिमार्जन तथा संशोधन गरि कार्यान्वयन गरिनेछ ।

२ नागरिक वडापत्रलाई समयसापेक्ष अद्यावधिक गरि सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी र प्रविधिमैत्री बनाइनेछ ।

३ कर्मचारीहरुको पेशागत सूरक्षाको सूनिश्चितता गर्दै, कार्य दक्षता अभिवृद्धि गर्न जिम्मेवारी बमोजिमको तालिम प्रदान गर्ने, प्रविधिमैत्री बनाउने र कार्य सम्पादनका आधारमा पूरस्कार तथा दण्ड सजायको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

४ सेवा प्रवाहमा सकारात्मक परिवर्तनका लागि कर्मचारीहरुको पेशागत स्थायित्व एवं वृत्ति विकास र स्वेच्छिक अवकास जस्ता कार्यहरुलाई संघ तथा प्रदेश कानूनका आधारमा स्थानीय कानुन बनाई कार्यान्वयन गरिनेछ ।

५ कर्मचारी संगठन संरचनालाई पूनरावलोकन गरी छिटो छरितो सेवा प्रवाह गरिनेछ ।

६ महानगरबाट प्रवाह हुने सेवाहरुको सामाजिक लेखा परिक्षण, सार्वजनिक परिक्षण तथा सार्वजनिक सूनूवाई लाई अनिवार्य गर्दै अनूगमनलाई थप प्रभावकारी बनाइनेछ ।

७ नेपाल सरकारको नीति अनूसार आन्तरिक पर्यटनको विकासका लागि १० दिने पर्यटन काज विदा लाई कार्यविधि वनाई कार्यान्वयनमा ल्याइनेछ ।

८ अन्तर्राष्ट्रिय तथा राष्ट्रिय नगरहरुसग भगिनी सम्वन्ध विस्तार गरी नयां प्रविधी, सोच, नवीन सिकाईहरु, विकासका मोडल तथा असल अभ्यासहरुमा सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ

९ जनमुखी प्रशासनको अवधारणा अनुकुल सेवाग्राही सन्तूष्टि सर्भेक्षण गरि सेवा प्रवाहमा सूधार गरिनेछ । साथै सेवाग्राहीहरुको गूनासो,उजूरी सम्बोधन गर्न उपयूक्त व्यवस्थापन गरिनेछ ।

१० सवै वडा कार्यालयहरुमा अधिकार प्रत्यायोजन गरी वडालाइ जिम्मेवार बनाइ योजना तथा कार्यक्रम कार्यान्वयन प्रक्रियालाइ छिटोछरितो र प्रभावकारी बनाइनेछ ।

११ महानगरपालिकाको कार्यालय र वडा कार्यालयको हाताभित्र पान, गुटखा, खैनी जस्ता सुर्तिजन्य पदार्थको प्रयोग गर्नेलाई दण्ड जरिवाना गरिनेछ ।

ख) कानून

१२ महानगरपालिकाको न्यायिक समितिलाई स्वतन्त्र, निष्पक्ष, पहूचयोग्य, सक्षम एवं विश्वसनीय बनाइनेछ ।

१३ कानुनले तोकेको समय भित्र न्यायिक समितिबाट कार्य सम्पादन गरिनेछ ।

१४ सबै वडा कार्यालयहरुमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हूने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै निरुपण गर्ने कानूनी व्यवस्थालाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१५ विवादको समाधान वडास्तरमा गर्न मेलमिलाप शिविर सञ्चालन गरिनेछ ।

ग) सूचना तथा प्रविधि

१६ संघीय सरकारसँग समन्वय गरि तारणी प्रसाद कोइराला संचारग्राममा स्थानीय एफएम तथा मिडिया सेन्टर लगायतका सेवाहरु सञ्चालन गरिनेछ ।

१७ महानगरपालिकाबाट हुने सबै गतिविधिहरु नगरवासीहरुलाई सुसूचित गरिनेछ ।

१८ महानगरपालिकाको कार्यालयभित्र रहेको सूचनाकेन्द्रको सूदृढीकरण, सूचना प्रविधिको विकास गरि नगरवासीलाई सूचनाको पहूंचमा अभिवृद्धि गरिनेछ ।

१९ सवै वडा कार्यालयहरुबाट हुने सेवा प्रवाहलाई अनलाईन प्रणालीबाट संचालन गरिनेछ ।

२० स्थानीय पत्रपत्रिका, टेलीभिजन एफ.एम, अनलाइन पोर्टलहरुको संस्थागत विकासका लागि उपलब्ध गराउदै आएको सहयोगलाई निरन्तरता दिइनेछ ।

२१ कार्यालयको आन्तरिक कार्यप्रणालीलाई प्रविधि मैत्री बनाउँदै लगिनेछ ।

२२ प्रविधिको उच्चतम प्रयोग गरि नागरिकहरुलाई सेवा प्रदान गरिनेछ ।

२३ डिजिटल सिटी प्रोफाइललाई अद्यावधिक गरि बहुउपयोगिताको क्षेत्रमा प्रयोग गरिनेछ ।

घ) नगर प्रहरी

२४ नगर प्रहरीलाई तालिम स्रोत साधन उपलब्ध गराई सवल, सक्षम तथा उच्च मनोवलयूत्त वनाइनेछ ।

२५ शहरका मुख्य चोकहरु तथा सूरक्षा संवेदनशील क्षेत्रहरुमा थप सीसीटिभी क्यामरा जडान गराइनेछ ।

२६ ट्राफिक व्यवस्थापनका लागि मुख्य वजार क्षेत्रमा पार्किङ व्यवस्थापनका लागि जेब्रा क्रसिङ तथा ट्राफिक संकेतको व्यवस्था मिलाईनेछ ।

२७ छाडा चौपाया र सडकपेटीमा रहेका अव्यवस्थित हाटबजार तथा व्यवसायलाई नियन्त्रण गरिनेछ

२८ जनघनत्वका आधारमा विराटनगरको दक्षिणी भागमा थप सेवाका लागि बारुणयन्त्र सेवा केन्द्र स्थापना गरिनेछ ।

२९ सिगिया तथा केशलिया खोलामा हुने अवैध उत्खननलाइ कडाईका साथ नियन्त्रण गरिनेछ ।

३० नगर प्रहरीको मनोवल उच्च राख्नका लागि संस्थागत क्षमता र वृत्ति विकासका अवसरहरु उपलब्ध गराइनेछ ।

सामाजिक विकास नीति

क) बालबालिका

३१ आगामि वर्षमा वडा नं १८ र १९ लाई बालमैत्री वडा घोषणा गर्नका लागि आवश्यक पुर्वाधार तयार गरिनेछ।साथै वडा नं. ११ लाई यसै आ.व.मा बालश्रम मूक्त वडा घोषणा गरिनेछ ।

३२ बालमैत्री स्थानीय शासन प्रवर्धन एवं दिगोपनाका लागि कार्यक्रमहरु संचालन गरिनेछ

३३ बालबालिका सम्वन्धी ऐन २०७५ वमोजिम आवश्यक स्थानिय निर्देशिका, कार्यविधि तथा रणनीतिक योजनाहरु निर्माण गरिनेछ ।

३४ अपांगता भएका बालबालिकाहरुलाई लक्षित गरी कार्यक्रम संचालन गर्न संघ संस्थाहरु 'संगको समन्वय र सहकार्य बढाइनेछ ।

३५ सडक बालबालिका, बालश्रम र बालविवाह विरुद्धका अभियानहरुलाई वस्तीस्तरसम्म पुर्‍याइनेछ ।

३६ बालश्रमका सम्भावित क्षेत्रहरुको पहिचान गरि प्रभावकारी अनुगमन गर्दै नियमन गरिनेछ ।

३७ बालक्लवको क्षमता विकास गरि बाल सहभागीता प्रवर्द्धन गरिनेछ ।

३८ नीति निर्माण र योजना तर्जूमामा बाल सहभागिता

वांकी ४ पेजमा...

# बिराटनगर महानगरपालिकाको...

सुनिश्चित गरिनेछ ।

३९ कोभिड १९ को विषम परिस्थितीमा बालबालिकाको सहभागीता र कृयाशिलताको सुनिश्चित गर्न वैकल्पिक माध्यमहरु समेत उपयोग गरिनेछ ।

४० सरोकारवालाहरुसंगको सहकार्यमा लागूपदार्थ दूर्व्यसन, साईवर अपराध र बालविवाह नियन्त्रणकालागि सचेतनामुलक अभियान संचालन गरिनेछ ।

ख) लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा समाज कल्याण

४१ लैङिक हिंसामा परेका व्यक्तिहरुलाई सहयोग गर्न कोषको स्थापना गरिनेछ ।

४२ सडक पेटीमा रात विताउने असहाय तथा सहारा विहिन मानवहरुलाई उद्धार एवं व्यवस्थापन गरिनेछ

४३ अपाङ्गता रोकथाम तथा पूर्नस्थापना कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकार र करुणा फाउण्डेसन नेपालसंग भएको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४४ बालसेवा आश्रम, मानव सेवा आश्रम तथा वृद्धाश्रमहरुको संस्थागत विकासका लागि भैरहेको सहयोगलाई निरन्तरता दिइनेछ ।

४५ अपाङ्गता परिचयपत्र वितरण कार्यलाई प्रभावकारी कार्यान्वयनका लागि शिविर सञ्चालन गरिनेछ

४६ यौनिक अल्पसंख्यकहरुका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

४७ भाषा कला, सस्कृति तथा साहित्य आदिको जर्गेना तथा उत्थानका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ । अर्न्तराष्ट्रिय साहित्य सम्मेलनको आयोजना गरिनेछ ।

४८ शवदाह गृह (विधुतिय) निर्माण गरि सञ्चालनमा ल्याइनेछ ।

ग) गैर सरकारी संघसंस्था

४९ गैर सरकारी संघसंस्थाले कार्यक्रम संचालन गर्नू पुर्व महानगरपालिकासंग अनिवार्य स्वीकृति लिनुपर्ने व्यवस्थालाई प्रभावकारी रुपमा लागू गर्नका लागि कार्यविधि तयार गरिनेछ ।

५० गैर सरकारी संघसंस्थाले सञ्चालन गर्ने योजना तथा कार्यक्रमको सघन अनूगमन तथा नियमन गरिनेछ ।

५१ गैससहरुलाइ विकास तथा निर्माणमा योगदान सहितको सहभागिता गर्न अभिप्रेरित गरिनेछ ।

५२ गैससहरुसंगको समन्वयमा गैसस पार्श्वचित्र तयार गरिनेछ ।

५३ टोल विकास संस्थाहरुको क्षमता विकास गदै नगरको विकास तथा शासन प्रक्रियामा सहभागिता गराइनेछ ।

५४ कर्पोरेट सामाजिक उत्तरदायित्व वहन गर्न नीजि क्षेत्र, वित्तिय र सहकारी संस्थाहरुलाई प्रोत्साहित गरिनेछ ।

५५ नागरिक समाजलाई स्थानीय सूशासनको प्रक्रियामा सहभागि गराइनेछ ।

५६ मदिराजन्य पदार्थको बिक्रि वितरण र प्रयोगलाई व्यवस्थित गर्न टोल विकास संस्थाहरुलाई समेत परिचालन गरिनेछ ।

५७ आरोहण गूरुकुल नाटक घर निर्माण सम्पन्न भैसकेको हुँदा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय नाटकहरु सञ्चालनमा ल्याइनेछ ।

घ) शिक्षा

५७ प्रारम्भिक बालविकास शिक्षालाई विद्यालय शिक्षाको पूर्वाधारको रुपमा विकास गरिनेछ ।

५८ सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गरिनेछ ।

५९ सार्वजनिक विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय पक्षमा सुधार गरिनेछ ।

६० सबै विद्यालयमा स्थानीय पाठ्यक्रम कार्यान्वयन गरिनेछ ।

६१ सार्वजनिक विद्यालहरुमा आवश्यक शिक्षक दरवन्दिको व्यवस्थापन गरि सिकाईस्तरमा सुधार गरिनेछ ।

६२ न्यून पारिश्रमिक भएका विद्यालय कर्मचारी (लेखा र सहायक) तथा बालविकासका सहयोगी कार्यकर्तालाई थप पारिश्रमिक प्रोत्साहन सुविधाको रुपमा उपलब्ध गराइनेछ ।

६३ सार्वजनिक विद्यालयको सामाजिक परीक्षण तथा आर्थिक कारोवारको लेखा परीक्षणलाई अनिवार्य सर्तका रूपमा लागू गरिनेछ ।

६४ नमूना विद्यालयलाई नेतृत्वदायी विद्यालयको रुपमा विकास गर्ने ।

६५ माध्यमिक विद्यालयमा प्रविधिमा आधारित शिक्षाको पहुँचमा विस्तार गरिनेछ ।

६६ सार्वजनिक विद्यालयमा अपाङ्गमैत्री भौतिक पूर्वाधार तथा सिकाई वातावरणको प्रवन्ध गरिनेछ ।

६७ शैक्षिक सूचना व्यवस्थापन प्रणाली व्यवस्थित गरि शैक्षिक अभिलेखलाई अद्यावधिक गरिनेछ ।

६८ शिक्षकको निरन्तर पेशागत विकासका लागि प्रविधिमैत्री पद्धतिमा जोड दिइनेछ ।

६९ विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षणको गरिनेछ ।

७०. सूचकका आधारमा विद्यालयहरूको कार्यसम्पादनस्तर निर्धारण गरि प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।

७१ संस्थागत विद्यालयहरूलाई नगरका विभिन्न शैक्षिक गतिविधिमा सहभागि र आवश्यक नियमन गरिनेछ ।

७२ महानगर बहुप्राविधिक शिक्षालय सञ्चालनका लागि आवश्यक थप पूर्वाधार विकास गरी प्राविधिक शिक्षामा सबै वर्गको पहुँच सुनिश्चित गरिनेछ । .

७३ विपत्का समयमा समेत विद्यार्थी सिकाईलाई निरन्तरता दिन सिकाईका वैकल्पिक प्रणालीहरुको प्रवन्ध गरिनेछ ।

७४ अटिजम, बौद्धिक अपांगता तथा सुस्त मनस्थिति भएका बालबालिकाको सिकाईका लागि पूर्वाधार विकास गरी दिवा स्याहार केन्द्र तथा कक्षाकोठाको व्यवस्थापन गरिनेछ ।

७५ छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड तथा बाल विकास देखि कक्षा पाँच सम्मका बालबालिकाका लागि पोषिलो दिवा खाजा व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७६. सामुदायिक सिकाई केन्द्रहरुका माध्यमबाट अनौप चारिक, खुल्ला तथा निरन्तर सिकाई का कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७७ महानगरपालिकामा सार्वजनिक पुस्तकालय तथा वाचनालयको स्थापना गरिनेछ ।

७८ विद्यालयमा बालक्लबको गतिविधिलाई शैक्षिक क्यालेण्डरमा समावेश गरिनेछ ।

७९ विभिन्न साझेदार संस्थाहरुसँगको सहकार्य र समन्वयमा आदर्श माविलाई समावेशी शिक्षाको नमुना विधालयको रुपमा विकास गरिनेछ ।

८० महेन्द्र माविलाई महानगर बाट सञ्चालन गरिने छ साथै सार्वजनिक विधालयलाई प्रविधि मैत्री बनाइनेछ ।

८१ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी विषयलाई स्थानीय पाठ्यक्रममा समावेश गरी पठनपाठन गरिनेछ ।

८२ शिक्षाको गुणस्तर बृद्धि गरि पठनपाठनमा उल्लेख्य सुधार गर्ने शिक्षकहरुलाई पुरस्कृत गरिनेछ ।

८३ पाठयक्रम तयार गर्ने विषयगत विशेषज्ञहरुलाइ दिइदै आएको सुविधालाइ बृद्धि गरिनेछ ।

८४ परम्परागत तथा धार्मिक विधालय(मदर्शा तथा गुरुकुल, वेदविधाश्रम) लाई शिक्षाको मुलधारमा सहभागि गराउन प्रोत्साहन गरिनेछ ।

ङ) युवा तथा खेलकुद

८५ महानगरस्तरीय खेलकुद एन बमोजिम महानगरस्तरीय खेलकुद समिति गठन गरि सोहि बमोजिम एकद्धार प्रणालीबाट खेलकुद गतिविधी सञ्चालन गरिनेछ ।

८६ शहिद रंगशालालाई थप आधुनिकीकरण र सुविधा सम्पन्न बनाउदै अर्नतराष्टियस्तरको खेलकुद गतिविधी सञ्चालन गरिनेछ ।

८७ राष्ट्रिय महिला लिग फुटबल खेल सञ्चालन गरिनेछ ।

८८ वडास्तरमा जनसंख्या तथा खुल्लाक्षेत्रको पहिचान गरि समुदाय परिचालन गरि खुल्ला व्यायामशाला निर्माणलाई निरन्तरता दिइनेछ।

८९ विराट गोल्डकप सञ्चालनमा भइरहेको सहयोगलाई निरन्तरता दिइनेछ ।

९० मोफसलका खेलकुद गतिविधीलाई वार्षिक क्यालेण्डर तयार गरि सञ्चालन गरिनेछ

९१ महानगरस्तरीय युवा नीति तयार गरि कार्यान्वयन गरिनेछ ।

९२ एक विधालयमा उद्यम शिलता विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ

९३ युवा सञ्जाल गठन गरि सशक्तिकरण गर्दै युवा प्रतिभा पहिचान गरि प्रोत्साहित गरिनेछ ।

९४ लागु पदार्थ दुर्व्यसन नियन्त्रणका लागि युवाहरुलाई परिचालन गरिनेछ ।

९५ मिनि ओलम्पीक खेल सञ्चालन गरिनेछ ।

९६ महानगरपालिकाको विभिन्न गतिविधीमा युवाहरु परिचालन गरिनेछ ।

९७ हाटखोला मैदानमा खेलकुद एकेडमीको विकास गरिनेछ ।

च) जनस्वास्थ्य

९८ उपप्रमुख योजना अर्नतगत 'छोरी बचाउ छोरी पढाउ' पहिलो र दोस्रो सन्तान छोरी जन्माउने आमाहरुलाई प्रोत्साहन वापत उपलब्ध गराउँदै आएको रकमलाई निरन्तरता दिइनेछ ।

९९ नेपाल रेडक्रस सोसाईटी संगको समन्वयमा नगरवासीहरुलाई निःशुल्क रक्त सेवालाई निरन्तरता दिइनेछ ।

१०० गर्भवती महिला र जेष्ठ नागरिकलाई नगरक्षेत्र भित्रका अस्पताल सम्म सहज पहुँचका लागी निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

१०१ चौरासी वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई दिइँदै आएको पोषण भत्तालाई निरन्तरता दिइनेछ

१०२ नगरवासीहरुको स्वास्थ सुधारका निमित्त एलोपेथिक मेडिसिन सँगै वैकल्पिक चिकित्साको रुपमा आयुर्वेद सेवाको विकाश गरिनेछ ।

१०३ नगरवासीहरुको आधारभुत स्वास्थ्य सेवाको सहज पहुँचका लागि सम्पुर्ण वडामा स्थापना भई संचालनमा रहेका आभारभुत स्वास्थ्य केन्द्रहरुको सुदृढीकरण गर्दै लगिनेछ ।

१०४ अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।

१०५ सहज स्वास्थ्य सुविधा उपलब्ध गराउन क्षेत्र पहिचान गरि फिजियोथेरापी सेवा सुरु गरिनेछ ।

१०६ राष्ट्रिय खोप अभियानलाई वडा कार्यालयको समन्वयमा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१०७ अपाङ्गता न्यूनिकरणका लागि नव दम्पतिहरुलाई सचेतना मुलक शुभ कामना कार्ड वितरण गरिनेछ

१०८ विपन्न नागरिकहरुका लागि उपलब्ध गराउदै आएको उपचार सहयोग कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

१०९ वडा न १५ र १९ मा १५ शैयाको अस्पताल निर्माण गरि सञ्चालन गरिनेछ ।

११० बाल अस्पताल सम्भाव्यता अध्ययन तथा निर्माणका लागि आवश्यक सहयोग गरिनेछ ।

१११ वडा न १९ मा रहेको स्वास्थ्य चौकीमा पेलेयाटीक केयर स्थापना गरिनेछ ।

११२ मेडीकल कलेज तथा निजी अस्पताल सघ 'अफीन' सँगको सहकार्यमा विपन्न नागरिक लाई निशुल्क उपचार गर्ने व्यवस्था मिलाइनेछ ।

११३ वडा न ५ निशुल्क रुपमा उपलब्ध भैरहेको प्याथोलोजी सेवालाई निरन्तरता दिइनेछ ।

११४ कार्यविधी तयार गरि महानगरको पचास र तोकिएको विपन्न परिवारको पचास प्रतिशतको साझेदारीमा स्वास्थ्य बीमा लागु गरिनेछ ।

११५ कोभिड १९ महामारीको रोकथाम, उपचार र नियन्त्रणका संघ तथा प्रदेश सरकारसंगको सहयोगमा महानगरपालिकाले प्रभावकारी कार्यान्वयन गर्नेछ ।

११६ कोभिड १९ महामारीको रोकथाम, उपचार र नियन्त्रणका लागि ठोस कार्यक्रम लागु गरिनेछ ।

वन वातावरण तथा विपद् व्यवस्थापन

क) विपद व्यवस्थापन

११७ बहुप्रकोपमा आधारित जोखिमको अध्ययन एवं अनुसन्धान गरी तथ्यगत अभिलेखीकरण गरिनेछ

११८ महानगरस्तरीय विपद् व्यवस्थापन सूचना प्रणाली विकास गरी राष्ट्रिय तथा प्रदेशस्तरीय सूचना प्रणालीसँग आवद्ध गरी व्यवस्थित गरिनेछ ।

११९ महानगरपालिकाका नियमित विकास कार्यक्रम एवं योजना तयारी वा डिजाइन गर्दा जोखिम न्यूनीकरणको मापदण्ड अपनाइनेछ ।

१२० विपद व्यवस्थापनका लागि आमसञ्चार माध्यम मार्फत् सन्देशमूलक सूचनाहरू सम्प्रेषण गरिनेछ ।

१२१ राष्ट्रिय भूउपयोग नीति अनुरुप जोखिम सम्बेदनशील भूउपयोग योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१२२ मानव जीवन, भौतिक एवं गैरभौतिक लगायत सबै प्रकारका सम्पत्तिको बीमा गरी जोखिम न्यूनिकरण गरिनेछ ।

१२३ विपद् जोखिम न्यूनीकरण तथा विपद उत्थान र व्यवस्थापन कार्यमा निजी क्षेत्रको संलग्नता र साझेदारीलाई प्रोत्साहित गरिनेछ ।

१२४ छिमेकी तथा अन्य स्थानीय तहहरुको समेत संलग्नतामा विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन स्वयंमसेवक समूहको गठन र क्षमता विकास गर्ने नीति लिइनेछ

१२५ खुल्ला क्षेत्रको पहिचान, संरक्षण र प्रयोगयोग्य बनाउने नीति लिइनेछ ।

१२६ प्रभावकारी विपद् प्रतिकार्यका लागि आपतकालीन सामग्रीको भण्डारगृहको स्थापना गरी आवश्यक पर्ने उद्धार तथा राहत सामाग्री सञ्चय गरिनेछ ।

१२७ आपतकालीन कार्य सञ्चालन केन्द्र सुदृढ बनाइनेछ ।

१२८ नगर प्रहरी लगायत अन्य सुरक्षा निकायलाइ खोज तथा उद्धार कार्यदल गठन गरी क्षमता विकास एवं साधन सम्पन्न बनाईनेछ ।

ख) वातावरण तथा सरसफाई

१२९ फोहरमैला व्यवस्थापनका लागि अन्तिम विसर्जन स्थलको व्यवस्थापन आधुनिक प्रविधि एवं वातावरण मैत्री बनाइनेछ ।

१३० सरसफाईको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन समुदायमा आधारित फोहर संकलन तथा व्यवस्थापन गरिनेछ ।

१३१ अस्पतालजन्य फोहरमैला व्यवस्थापन गर्न सम्बन्धित क्षेत्रलाई पुर्ण रुपले जिम्मेवार बनाइनेछ ।

१३२ मापदण्ड विपरितका (४० माइक्रोन) प्लाष्टिक झोलामुक्त बनाउने कार्यलाई निरन्तरता दिइनेछ

१३३ व्यवसायिक रुपमा गरिने पशुपंछीपालनबाट हूने प्रदुषण नियन्त्रण गर्न नगरपालिकाबाट अनिवार्य पूर्व अनूमति लिनूपर्ने व्यवस्थालाई थप कडाईका साथ लागु गरिनेछ ।

१३४ हरित शहर विकास गर्न निजी क्षेत्र र अन्य सामाजिक संघ/संस्थाहरुको साझेदारीमा बृक्षारोपण गर्ने एवं विरुवा हूर्काउने अभियानलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ

१३५ जलवायु परिवर्तन न्युनीकरण तथा अनूकूलनका उपायहरुलाई अबलम्बन गरिनेछ

१३६ ध्वनी प्रदूषणका लागि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३७ वातावरण संरक्षणका लागि जारी भएको वातावरण संरक्षण ऐन अनुसार वातावरणीय प्रभाव मूल्यांकन प्रारम्भिक वातावरणीय परिक्षण तथा संक्षिप्त वातावरणीय परीक्षण गर्ने कार्यलाई अनिवार्य लागु गरिनेछ ।

१३८ विभिन्न स्थानमा सिटी रिक्सा चार्जिङ स्टेशन स्थापना गरिनेछ ।

राजस्व तथा वित्तीय व्यवस्था पन

१३९ करका दरहरुलाई बृद्धि नगरि करको दायरा फराकिलो पार्ने रणनीति अवलम्बन गरी आन्तरिक आय वृद्धि गरिनेछ ।

१४० स्थानीय कर, शूल्क, जरिवाना जस्ता राजस्वका श्रोतलाई सुचना प्रविधिका माध्यमद्वारा पारदर्शी तथा जवाफदेहीपुर्ण बनाईनेछ ।

१४१ आन्तरिक आय वृद्धिका लागि राजस्व स्वयंसेवक र नगररक्षक परिचालन गरी घरदैलो अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।

१४२ राजस्व छलि तथा चूहावट नियन्त्रणका लागि अनूगमन तथा निरीक्षण कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१४३ अनलाइन पोर्टलको माध्यमबाट अनलाइन राजस्व तथा कर तिर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयनमा ल्याईनेछ ।

१४४ राजस्व परिचालन तथा महानगर कर नीतिको बारेमा करदाता शिक्षा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

१४५ उत्कृष्ट करदातालाई सम्मान गर्ने परीपाटीलाई निरन्तरता दिइनेछ ।

१४६ महानगरको वित्तीय अनुशासनलाई भरपर्दो र विश्वासिलो बनाउन लेखा प्रणालीलाई प्रभावकारी बनाउन सम्पत्ति र दायित्वको लेखांकन विधिबाट कर्पोरेट लेखा प्रणाली (Accrual Accounting System) कार्यान्वयन गरिनेछ ।

१४७ पहिलो चौमासिक अवधिमा पुरै आवको एकमुष्ठ कर बुझाउने करदातालाइ छुटको व्यवस्था गरिनेछ ।

१४८ राजस्व संकलन कार्यमा खटिने कर्मचारीहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

१४९ कोभिड-१९ का कारणले बन्द भएको अवधिको व्यवसाय क/मा २ - दुई) महिनाको कर रकम छुट गरिनेछ ।

पुर्वाधार विकास

क) शहरी पुर्वाधार

१४९ बिगतदेखी संचालित अधुरा योजनाहरुलाइ क्रमागत योजनाको रुपमा प्राथमिकतामा राखी आगामी आ.व.मा सम्पन्न गरिनेछ ।

१५० चालु आ.व. देखि योजनाहरुलाइ एक आर्थिक वर्षमा नै सम्पन्न गरि अर्को आर्थीक वर्षमा आर्थिक भार नथप्ने नीति अवलम्बन गरिनेछ ।

१५१ रु २० बीस लाख भन्दा बढीका योजनाहरुलाई ठेक्का प्रक्रिया बाट कार्यान्वयन गरिनेछ ।

१५२ वीरेन्द्र सभागृहलाई आधुनिक तथा सुविधा सम्पन्न गरि प्रयोगमा ल्याइनेछ ।

१५३ धरान विराटनगर करिडोर (बलभद्र राजमार्ग) मा निर्माणाधिन चारवटा आकाशे पुलहरुको निर्माण सम्पन्न गरिनेछ ।

१५४ सबै वडाहरुमा व्यवस्थित वडा कार्यालयहरु निर्माण गरिनेछ ।

१५५ बर्षातको पानीको उचित व्यवस्थापनकालागि गुरु योजना तयार गरि निर्माण कार्य अँघि बढाइनेछ ।

१५६ वडा न २/७ मा प्रधानमन्त्री पार्कको निर्माण कार्य सुरु गरिनेछ ।

१५६ वडा न २ हनुमान मन्दिर पुर्व सिङ्गिया खोलाको किनारामा आरती स्थल निर्माणका लागि 'डीपीआर' तयार गरी निर्माणकार्य सुरु गरिनेछ ।

१५७ गरिब तथा बिपन्न महानगरबासीहरुकालागी उचित बसोबासको व्यवस्थापन गर्न वडा न ५ को जनता आवास तथा वडा न १२ को महानगर आवास योजनालाइ सम्पन्न गरिनेछ ।

१५८ सडक मर्मत सम्भार योजना तयार गरि मर्मतकार्यलाइ प्रभावकारी बनाईनेछ ।

१५९ महानगर भित्रका पिछडिएको क्षेत्र वडा न १४,१८ र १९ वडाहरुमा पिउने पानीको व्यवस्थापनका लागी संघ तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

१६० पूर्वाधार निर्माण गर्दा बालमैत्री, अपांगमैत्री अवधारणालाई अगीकार गरिनेछ ।

१६१ महेन्द्र चोक - हिमालय रोडलाइ शौन्दर्यीकरण गरिनेछ ।

१६२ विजुली तारलाई नमुनाको रुपमा अण्डर ग्राउण्ड गर्न सम्भाव्यताको अध्ययन गरिनेछ

१६३ नमुनाको रुपमा साइकल लेनको विकास गरिनेछ ।

१६४ शहरको सौन्दर्यकरणका

बाँकी ५ पेजमा...

# बिराटनगर महानगपालिकाको...

लागि नीजीक्षेत्रसँग समन्वय तथा सहकार्य गरिनेछ ।

१६५ सार्वजनिक शौचालय निर्माण गर्नका लागि नीजीक्षेत्रसँग समन्वय तथा सहकार्य गरिनेछ

१६६ संघीय तथा प्रदेश सरकारसंगको समन्वय र सहयोगमा औद्यौगिक प्रदर्शनि स्थलको निर्माण गरिनेछ ।

१६७ संघीय सरकारको समपुरक कोष कार्यक्रम अर्न्तगत महानगर पालिकाको साझेदारीमा कार्यालयको आधुनिक र सुविधा सम्पन्न प्रशासनिक भवन निर्माण गरिनेछ ।

१६८ दिगो र भरपर्दो रुपमा फोहोरपानी प्रशोधन केन्द्र र ढल प्रणाली सञ्चालन गरिनेछ ।

१६९ पुर्वाधार विकासमा विराटनगरको पश्चिम दक्षिणीक्षेत्र पछाडी रहेको हुदाँ फोहोरमैला व्यवस्थापन केन्द्र र सडक नाला तथा डुवानको समस्यालाई दिर्घकालिन समाधान गर्न नेपाल सरकार र एशियाली विकास वैकको थप सहयोगमा परियोजना निर्माण र सञ्चालन गरिनेछ ।

१७० सडक नामाङ्नका लागि अध्ययन गरि कार्यान्वयन गरिनेछ साथै विभिन्न स्थानमा पार्किङ व्यवस्थापन गरिनेछ

१७१ विराटनगर रानीमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

१७२ नेपाल सरकारको सहयोगमा वडा न १९ वैजनाथपुर मा सुविधा सम्पन्न सिटी हल सम्मेलन केन्द्र निर्माण गरिनेछ ।

१७३ निर्माण भएका पुर्वाधारहरुको दिगोपना कायम गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

भवन निर्माण इजाजत

१७४ घरनक्शा ईजाजत अनलाईनवाट गर्ने तथा पूराना फाईलहरु अर्काइभ गरि डिजिट लाईजेशन गरिनेछ

१७५ प्रत्यक्ष भवन निर्माणसँग सम्वन्धित सुचिकृत डिजाईनर तथा महानगरमा कार्यरत प्राविधिक हरुलाई भवन निर्माण मापदण्ड सम्वन्धि तालिम प्रदान गरि सूरक्षित भवन निर्माणमा जोड दिईनेछ ।

१७६ भवनहरुको सबलता, सूरक्षा र जोखिम न्यूनीकरण गर्न प्रचलित भवन निर्माण सम्वन्धी मापदण्डमा समयानूकूल संशोधन गरि कार्यान्वयनमा ल्याईनेछ ।

१७७ अण्डर ग्राउण्ड पार्किग गर्ने व्यवसायिक भवनको नक्शा पास गर्दा पार्किगले ओगटेको क्षेत्रको घरनक्शा दस्तुर छुट दिइ पार्किङमा सहजता ल्याइनेछ ।

१७८ नक्शा पास नभई वनेका पूराना गोदाम तथा घरहरुलाई करको दायरामा ल्याउनका लागि अभिलेखीकरण गरिनेछ ।

आर्थिक विकास सम्बन्धि नीतिहरु

क) सहकारी

१७७ सहकारी संस्थाहरुको नियमित र सघन अनुगमन गरी संस्थागत सुशासन कायम गरिनेछ ।

१७८ सहकारीको माध्यमबाट रोजगारी सिर्जना, गरिवी न्युनिकरण र सामुदायिक सशक्तिकरण गरिनेछ ।

१७९ पारदर्शिता, प्रभावकारीता र जोखिम न्यूनिकरण गर्दै सहकारीलाई समृद्धिको साधन बनाइनेछ ।

१८० समुदाय र सदस्यप्रति थप उत्तरदायी र जवाफदेही बनाउन विभिन्न कार्यक्रम मार्फत सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

१८१ सहकारीलाई गुणात्मक बनाउन सहकारी संस्थाहरुको एकीकरण कार्यलाई अगाडि बढाइनेछ ।

१८२ सहकारी संस्थाहरु मार्फत गरिने कर्पोरेट सामाजिक उत्तरदायित्व अर्न्तगतको कार्यक्रम महानगरपालिकाको समन्वयमा सञ्चालन गरिनेछ ।

१८३ विद्युतीय शासन मार्फत सुशासन कायम गर्नसम्पूर्णसहकारीहरुलाई डिजीटाइजेसन गरिनेछ ।

१८४ सहकारी संस्थाहरुको समष्टिगत एकीकृत विवरण तयार गर्नका लागि सहकारी प्रोफाइल तयार गरिनेछ ।

१८५ महानगरपालिकाबाट सहकारी संस्था र शेयर सदस्यको हितका लागि बनाइएका कानुन कार्वविधीहरुका बारेमा सुसुचित गराइनेछ ।

१८६ सहकारी संघसस्थाहरुमा वचतकर्ताहरुले जम्मा गरेको रकमको सुरक्षाका लागि प्रभावकारी सुपरिवेक्षण गरि कार्वाहि प्रक्रियालाई प्रभावकारी बनाइनेछ ।

१८७ एक परिवार एक सहकारी सदस्यको अवधारणालाई कार्यान्वयन मा ल्याइनेछ ।

ख) उद्योग तथा पर्यटन

१८८ विराटनगर महानगर पालिकाको पर्यटन गुरुयोजना निर्माण गरिनेछ ।

१८९ पर्यटन उद्योगमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

१९० स्थानीय भाषा कला धर्म संस्कृति, रीति-रिवाजलाई प्रवर्द्बन हुने गरि कार्यक्रम सञ्चालन गरिनेछ ।

१९१ पर्यटनको प्रवर्द्धनका लागि ऐतिहासिक औद्यौगिक , शैक्षिक, खेलकुद, धार्मिक र स्वास्थ्य जस्ता लाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

१९२ पर्यटन विकासमा सार्वजनिक-निजी-जनता साझेदारी को अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।

१९३ विराट राजाको दरबारको विस्तृत गुरुयोजना तयार गरि कार्यान्वयनका लागि संघीय सरकार र प्रदेश सरकार लगायत अन्य सहयोगि निकायसँग सहकार्य गरिनेछ ।

१९४ धार्मिक पर्यटनलाई प्राथमिकतामा राखि पुर्वाधारहरु र प्रचारप्रसारमा ध्यान दिइनेछ ।

१९५ महेन्द्र चौक देखि ट्राफिक चौकसम्मलाइ रात्रीकालीन बजारको रुपमा विकास गरिनेछ ।

१९६ औधोगिक प्रदर्शनी स्थलको निर्माण गरिनेछ ।

रोजगार

१९७ युवाहरुलाई सीपमुलक तालिम प्रदान गरी स्वदेशी रोजगारीलाई प्रवर्द्बन गरिनेछ ।

१९८ वेरोजगार युवाहरुको तथ्यांक अद्यावधिक गरी मर्यादित रोजगारीका लागि निजीक्षेत्रसँग समन्वय गरिनेछ

१९९ परम्परागत सीपमा आधारित लघु तथा घरेलु उद्योगको विकासमा जोड दिइनेछ ।

२०० प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन महानगरपालिकाका विभिन्न विषयगतक्षेत्र आवद्ध गराईनेछ ।

२०१ वैदेशिक रोजगारबाट फर्किएका युवाहरुका लागि स्थानीयस्तरमै रोजगार सिर्जना गर्न सरल कर्जा प्रवाहका लागि वित्तिय संस्थाहरुसँग सहकार्य गरिनेछ ।

२०२ वैदेशिक रोजगारलाइ मर्यादित, भरपर्दोतथा सुरक्षित बनाउन आप्रवासन सुचना केन्द्रलाई थप व्यवस्थित र प्रभावकारी बनाउदै लगिनेछ ।

२०३ वैदिशिक रोजगारीमा जाने युवाहरुलाइ निःशुल्क आवाशिय सीप तालिम प्रदान गर्नका लागि सम्बन्धित सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

२०४ विप्रेषण प्राप्त गर्ने परिवारका सदस्यहरुलाई वित्तिय साक्षरता कक्षाहरु सञ्चालन गरि उधमशिलता विकासकालागि थप पहल गरिनेछ ।

उपभोक्ता हित

२०५ 'जागरुक उपभोत्ताको शहर - विराटनगर महानगर' को नीति लागु गरिनेछ ।

२०६ सरोकारवाला निकाय हरुको समन्वय र सहकार्यमा उपभोक्ता हित संरक्षणका लागि शुन्य सहनशीलताको नीति अनुरुप बजार अनुगमनलाई प्रभावकारी र चुस्त बनाइनेछ

२०७ उपभोक्ता हितसँग सम्बन्धित सचेतनामुलक कार्यक्रम हरु सञ्चालन गरिनेछ ।

ङ) पशु विकास

२०८ दुध उत्पादनमा वृद्धि गर्न उन्नत पशुपालन व्यवसायका लागि कृत्रिम गर्भाधानको माध्यमबाट नश्ल सुधार गर्दै लगिनेछ ।

२०९ पशुपालनको बिशेष क्षेत्रको पहिचान गरी आवश्यकता अनुसार निःशुल्क पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।

२१० लागत साक्षेदारीका कार्यक्रममा समुहकृत पशुपालक लाई प्राथमिकता दिइनेछ ।

२११ मासुको मागलाई मध्यनजर गर्दै उत्पादन बढाउन उन्नत जातको बोका साझेदारीमा बितरण गरिने छ ।

२१२ परजिवि नियन्त्रण र घाँस खेतिमा जोड दिईनेछ ।

२१३ स्वच्छ र सफा मासु उत्पादन गर्न समूहमा आवद्द भएका बाखापालक कृषकहरुलाई खोर बनाउन लागत साझेदारीमा अनुदान दिएर प्रोत्साहित गर्नेछ ।

२१४ माछा-मासु पसललाई मापदण्ड अनुरुप सञ्चालन व्यवस्थापन गर्न नियमित अनुगमन गरि नियमन गरिनेछ ।

२१५ समुदायिक कुकुरहरुलाई रेविज रोग विरुद्धको खोप कार्यलाई निरन्तरता दिइनेछ ।

२१६ पशुपक्षीजन्य महामारी सरुवा रोग फैलन नदिनका लागी सचेतनामुलक कार्यक्रम गरिनेछ ।

२१७ पशु वधशालाको निर्माण सम्पन्न गरि सञ्चालनमा ल्याईनेछ ।

२१८ माछा मासु विक्रि गर्ने पसलहरुलाई निश्चित मापदण्ड तोकि नियमित अनुगमन गरिनेछ ।

२१९ घरपालुवा कुकुरहरुलाई महानगरपालिकामा दर्ता गरि निशुल्क रेविज खोपको व्यवस्था मिलाइनेछ

च) कृषि

२२० गुणस्तरीय बीउ, बाली सुरक्षित मलखाद तथा जैविक विषादीको प्रयोगलाई बढाउने खालका कार्यक्रम सञ्चालन गरिनेछ ।

२२१ विदेशबाट फर्किएका तथा वेरोजगार युवाहरुलाई सिप, ज्ञान र उन्नत प्रविधि सहित कृषि क्षेत्रमा आकर्षित गर्नका लागि प्रोत्साहित गरिनेछ ।

२२२ कौशी तरकारी खेतिलाई प्रोत्साहन गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

२२३ बाझो जमीनलाई कृषि क्षेत्रमा उपयोग गर्न विशेष नीति लागु गरिनेछ ।

२२४ कृषि सहकारीहरुलाई कृषिक्षेत्रको विकासमा परिचालन गरिनेछ ।

२२५ आधुनिक तथा व्यवसायिक फलफूल नर्सरीलाई प्रोत्साहन गरिनेछ ।

२२६ भकारो सुधार कार्यक्रम मार्फत जैविक मल उत्पादनमा जोड दिइनेछ ।

२२७ तरकारी खेती उत्पादनमा वृद्धि गर्न आधुनिक प्रविधि जोड दिइनेछ ।

अनुमानित व्यय, मुख्य आयोजना र स्रोत व्यवस्थापन :

आर्थिक वर्ष ०७८-७९ को अनुमानित कुल व्यय, क्षेत्रगत व्यय, मुख्य कार्यक्रम र स्रोत व्यवस्थापनका बारेमा प्रस्तुत गर्न गइरहेकोछु । आगामी आर्थिक वर्षमा कुल व्यय रु ४ अरव १० करोड ३ लाख ३८ हजार व्यय हुने अनुमान गरिएकोछ । कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च रु ४६ करोड ७० लाख ५२ हजार ९२५ तथा पुजीगत तर्फ रु ३ अरव ५८ करोड ३२ लाख ८५ हजार १५ रुपैया र वितिय व्यवस्था तर्फ रु ५ करोड खर्च हुने अनुमान गरिएकोछ । प्रतिशतको रुपमा हेर्दा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च ११ प्रतिशत र पूँजीगत तर्फ ८९ प्रतिशत रहेको छ ।

पूँजीगत खर्च मध्ये पुर्वाधार विकास क्षेत्रमा रु २ अरव ४ करोड ३९ लाख ३४ हजार ४८ रुपैयाँ, आर्थिक विकास क्षेत्रमा रु १७ करोड ८७ लाख, सामाजिक विकास क्षेत्रमा रु १ अरव २६ करोड ६९ लाख १ हजार २७ रुपैया । सुशासन तथा अन्तर सम्बन्धित (बन वातावरण तथा विपद व्यवस्थापनसमेत) क्षेत्रमा रु. ९ करोड ३७ लाख ५० हजार खर्च हुने अनुमान गरिएको छ ।

आगामी वर्ष सञ्चालन हुने मुख्य आयोजनाहरुमा वडास्तरीय आयोजना रु २६ करोड ७८ लाख ५ हजार १७५, नगरस्तरीय गौरवका आयोजना मुख्य प्रशासनिक भवन रु. १७ करोड ३८ लाख र विरेन्द्र सभागृह रु. १९ करोड ५० लाख, ल्याण्डफिल्ड साइट जग्गा खरिद रु. १० करोड, अन्तर्राष्ट्रिय सभाहल जग्गा खरिद रु ५ करोड, विराट राजाको दरवार ५ करोड, हिमालय रोड रु २ करोड, महानगर आवास योजना रु ९० लाख, च्मए रु १ करोड, फोहोरपानी प्रशोधन केन्द्र रु २ करोड, ४ वटा फलाइओवर गेटका लागि रु २ करोड ४५ लाख, प्रधानमन्त्री पार्क ५ करोड,सन्ध्याकालीन आरती निर्माण रु २ करोड, अन्य नगरस्तरीय योजना रु ४० करोड, चालु आवको अनुसुचि ख मा रहेका नगरस्तरीय योजनाका लागि रु.१५ करोड, समपुरक कोष रु. २० करोड १९ लाख २८ हजार ३७३ रुपैया विनियोजन गरिएकोछ । यसै गरि क्रमागत योजनाको भुक्तानिका लागि रु २५ करोड ३५ लाख ४७ हजार तथा शिक्षा तर्फ रु ५५ करोड ७७ लाख ४९ हजार युवा तथा खेलकुद रु १ करोड ६१ लाख, स्वास्थ तर्फ रु १८ करोड १ लाख २८ हजार र विपद व्यवस्थापन तथा महामारी नियन्त्रण तर्फ रु ३ करोड विनियोजन गरिएकोछ ।

आगामी आर्थिक वर्षको अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये अन्तर सरकारी वित्तिय हस्तान्तरण तर्फ संघीय सरकार रु १ अरव १९ करोड ५३ लाख र प्रदेश सरकार तर्फ ४ करोड ९० लाख १५ हजार, राजस्व बाडफाड रु १ अरव १ करोड ४७ लाख ८३ हजार, आन्तरिक आय ८३ करोड ९ लाख २५ हजार ३२५, अन्य अनुदान र ऋण रु ७० करोड ५५ लाख ८ हजार ५०० सय, अन्य संघसंस्था १ करोड ४४ लाख ५५ हजार तथा जनसहभागिता १० करोड र मौज्दात सहित कुलजम्मा ४ अरव १० करोड ३ लाख ३८ हजार हुने अनुमान छ ।

प्रस्तुत नीति कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट महानगरको आर्थिक तथा सामाजिक विकासको पुर्वाधार सिर्जना भई सुखी नगरवासी, समृद्ध नगरको रुपमा अगाडी बढन सहयोग हुने अपेक्षा गरेको छु ।

मध्यमकालीन खर्च संरचना

यस वर्ष देखि ३ वर्षिय मध्यकालीन खर्च संरचना लागु गर्नुपर्ने अनिवार्य कानुनि व्यवस्था भएको हुदाँ आ व ०७८।०७९ आ व ०७९।०८० र आ व ०८०।०८१ को समेत अनुमानित आयव्यय समावेश गरिएकोछ । आ व ०७९।०८० मा रु ४ अरव ३७ करोड ७० लाख ५७ हजार र आ व ०८०।०८१ मा रु ४ अरव ७३ करोड ९४ लाख ५९ हजारको आयव्यय हुने अनुमान गरिएको छ ।

प्रस्तुत नीति कार्यक्रम तथा बजेट तर्जुमाका दौरानमा महत्वपुर्ण राय सल्लाह तथा सुझाव दिनुहुने राजनैतिक पार्टीका प्रतिनिधीज्युहरु, उद्योग वाणिज्य संघका प्रतिनिधीज्युहरु, महानगरपालिकाका विज्ञ सल्लाहकारज्युहरु, कार्यपालिका का सदस्यज्युहरु, नगर सभाका सदस्यज्युहरु, लगायत नागरिक समाजका व्यक्तित्वहरुप्रति ह्रदयदेखि नै धन्यवाद दिन चाहान्छु । यसै गरि नीति बजेट तथा कार्यक्रम तर्जुमा गर्न महत्वपुण भूमिका निर्वाह गर्नुहुने प्रमुख प्रशासकिय अधिकृत ज्यु र संलग्न सवै कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहान्छु । महानगरको विकासमा उल्लेख्य सहयोग पुरयाउने संघीय सरकार, प्रदेश सरकार, करदाता, महानगरवासी, लब्ध प्रतिष्ठित व्यक्तिहरु, सञ्चारकर्मी, स्थानीय प्रशासन, विकास साझेदार संस्थाहरु प्रति आभार प्रकट गर्न चाहान्छु । अन्तमा यो नीति कार्यक्रम तथा बजेट कार्यान्वयनमा सदाझै सवै पक्षको पूर्ण साथ सहयोग रहने अपेक्षा गरेकोछु । धन्यवाद

श्री इन्दिरा कार्की उप प्रमुख,
विराटनगर महानगर पालिका,
नगरकार्यपालिकाको कार्यालय ।

## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

### १. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

### २. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

### 3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १




बाँकी अन्तिम पेजमा...